# अध्याय : एक

# शोधको परिचय

## १.१ पृष्ठभूमि

समालोचनाका फाँटमा बहुप्रचलित शैली अङ्ग्रेजीको Style शब्दको नेपाली रूपान्तरण हो । आधुनिक भाषा विज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको पाइन्छ । पूर्वमा 'शैली' संस्कृतको 'शील' शब्दबाट निर्मित वा 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्यूत्पादन भएको र त्यही 'शील' शब्दमा 'ई' प्रत्यय जोडिई 'शैली' शब्दको निर्माण भएको हो । ( शर्मा २०४८:३) ।

शैली विज्ञान पूर्व र पश्चिम दुवैतिर पुरानो परम्परामा देख्न सकिने भए पनि आधुनिक युगमा विकसित भएको महत्वपूर्ण विज्ञान/शास्त्र हो । अङ्ग्रेजीको स्टाइलिस्टिक्स (Stylistics) शब्दको समानार्थीका रूपमा नेपालीमा शैली विज्ञानको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजीमा स्टाइलिस्टि (Stylistics) शब्दको प्रयोग सर्वप्रथम सन् १९८२ बाट भएको पाइन्छ भने नेपालीमा 'शैली' विज्ञानको प्रयोग पनि सोही दशक देखि हुन थालेको हो । (शर्मा २०४८:४०) ।

पूर्वमा भारत, भामह, दण्डी, आनन्दवर्दन, क्षेमेन्द, कुन्तक आदिका साहित्य शास्त्रीय चिन्तनमा शैली विषयको विवेचना गरेको पाइन्छ भने पश्चिममा ग्रिसेली विद्वान् प्लेटो, अरस्तु आदि रोमन विद्धान सिसरो आदि र अन्यले पनि शैली विषयको विवेचना गरेको पाइन्छ (शर्मा २०४८:४०) ।

'शैली' भनेको कुनै रचनाकारको विशिष्ट रचना प्रवाह हो भन्ने मानिन्छ । सामान्य भाषा एवं विषयबाट विचलन आए पनि एक विशिष्ट शैलीको निर्माण हुने प्रक्रिया आरम्भ हुने गर्दछ तब सफल एवं श्रेष्ठ रचनाकारले आफ्नो क्षमता अनुसार उच्च प्रकारको शैली निर्माण गर्ने गर्दछ । शैली पनि प्रतिभा अनुसार आकर्षक र अनाकर्षक तथा प्रभावकारी र अप्रभावकारी हुने गर्दछ । त्यसैले शैलीलाई रचनाकारको रचनाप्रकार वा अभिव्यक्ति हो भन्न सकिन्छ ।

शैलीविज्ञान भाषा विज्ञानका त्यो अंङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ । शैलीविज्ञानले कृतिमा प्रयोग भएका विविध भाषाहरूको अध्ययन र विश्लेषणमा रुचि राख्दछ । शैलीविज्ञानले कृतिमा लेखनयोग्य भाषाको

प्रयोग भए नभएको खोजी गर्दछ। भाषाका माध्यमद्वारा प्रयोगको विवरण, सौन्दर्यको विचलन, पदावली, अनुच्छेद, शब्द आदि हुनुपर्ने ठान्दछ।

शैलीविज्ञानको सैद्धान्तिक तथा प्रविधिगत ढाँचाका आधारमा कुनै पनि साहित्यिक कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ। विश्लेषकले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, वैज्ञानिक आधारहरू, सम्बन्धित कृति, भाषा विज्ञानको प्रकृति र सम्वन्धित भाषाका व्याकरणका बारेमा जानकारी प्राप्त गरेको हुनुपर्छ। शैलीविज्ञान काब्य र भाषा विज्ञानको मिलन मूभि हो (शर्मा २०४८:१२)।

'आशा' उपन्यास उपन्यासकार डिल्ली वस्नेतद्वारा लेखिएको उत्कृष्ट सिर्जना हो। यस उपन्यासमा समाजमा पुरुष सत्ता र अहङ्कारका कारण महिलामाथि हुने गरेका विभेद र हिंसाको प्रतिफल कतिसम्म कहाली लाग्दो र भयावह हुन्छ भन्ने समस्या र दु : ख पूर्ण जीवन वृत्तान्तलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ। यस उपन्यासको विभिन्न कोणबाट शैलीवैज्ञानिक ढङ्गले विश्लेषण गर्नु नै अनुसन्धानका क्षेत्र रहेका छन्। हाम्रो कतिपय ग्रामीण समाजमा पुत्र नजन्माएको वा पुत्री जन्माएको निहुँमा महिलामाथि हुने अमानवीय हिंसा हालसम्म पनि व्याप्त रहेको वास्तविकतालाई चित्रमा उतार्ने प्रयास गरिएको यो उपन्यास एक उत्कृष्ट यथार्थवादी उपन्यासमा केन्द्रित छ। प्रस्तुत उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोध पत्रमा गरिएको छ। यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यस भन्दा पहिले कोही कतैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिएको छ। साथै आगामी आउने अध्ययनकर्तालाई सहजता प्रदान गर्नेछ। त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय नेपाली शिक्षा विषयको स्नातकोत्तर (एम.एड) दोस्रो वर्षको पाठ्यांश नेपाशि ५९८ का लागि श्री जनता बहुमुखी क्याम्पसबाट 'आशा' उपन्यासको शैलीवैज्ञानिक ढङ्गले विश्लेषणात्मक शोध विधिको प्रयोग गरी शोधपत्र लेख्ने कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ।

### १.२ समस्या कथन

'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेर गरिएको छः

क. कथानकका आधारमा 'आशा' उपन्यास के-कस्तो छ ?

ख. चरित्रका आधारमा 'आशा' उपन्यास के कस्तो छ ?

ग. चयनका आधारमा 'आशा' उपन्यास के कस्तो छ ?

घ. विचलन र समानान्तरताका आधारमा 'आशा' उपन्यास कस्तो छ ?

## १.३ अध्ययनको औचित्य तथा महत्त्व

अध्ययन अनुसन्धान नितान्त उपलब्धिमूलक र फलदायक हुन्छ। उपन्यास जीवनको समग्र पक्षलाई समेट्न सकिने वेहत गद्य रचना भएकाले साहित्यमा यसले छुट्टै महत्त्व बोकेको हुन्छ। उपन्यासलाई विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण एवं औचित्यपूर्ण कार्य हो। यसले उपन्यास विधालाई परिष्कार र परिमार्जन गर्न मद्दत गर्दछ। कृतिहरूको शैलीगत अध्ययन गरी वास्तविक तथयहरू प्राप्त गरी कृतिका बारेमा खेल्ने भूमिकाको अध्ययन गरी निकालिएका निष्कर्षहरूले भावी दिनमा शैलीवैज्ञानिक अध्ययनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा कुनै दुईमत छैन। यसैगरी यस अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दुईमत छैन। यसैगरी यस अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा कृतिका कमी कमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ। यो अध्ययन डिल्ली बस्नेतको 'आशा' उपन्यासको शैलीवैज्ञानिक तथ्याङ्कहरू प्रस्तुत गरिने हुँदा उक्त कृतिका बारेमा आम पाठक विद्धतवर्ग, शिक्षक, समालोचक, अनुसनधानकर्ता आदि सबैलाई निकै फाइदा पुग्दछ। कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययनबाट भावाशैली, वाक्यगठन, शब्दगठन, भाषिक चयन, विचलन एवम् समानान्तरताका वारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ। यसबाट भाषाको कलात्मक सौन्दर्य र सिर्जनात्मक अभिव्यक्ति क्षमता प्राप्त गर्न सकिन्छ। प्रस्तुत अध्ययन उपन्यासकार डिल्ली बस्नेतद्वारा लेखिएको कृति 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा सीमित रहने र यस अध्ययनबाट प्रस्तुत गरिएको निष्कर्षहरूको अध्ययनबाट पाठकवर्ग, विद्वत वर्ग, कृतिकार, समालोचक, अनुसन्धानकर्ता आदिलाई समेत फाइदा पुग्ने भएकाले यसको महत्त्व तथा औचित्य उल्लेखनीय रहने देखिन्छ।

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क. कथानकका आधारमा 'आशा' उपन्यासको विश्लेषण गर्नु।

ख. चरित्रका आधारमा 'आशा' उपन्यासको विश्लेषण गर्नु।

ग. चयनका आधारमा 'आशा' उपन्यासको विश्लेषण गर्नु।

घ. विचलन र सामानान्तरताको आधारमा 'आशा' उपन्यासको विश्लेषण गर्नु।

## १.५ अध्ययनको परिसीमा

अध्ययनका क्रममा सम्बन्धित विषयमा कुन-कुन पक्षको मात्र अध्ययन गर्ने भनी गरिएको किटानी व्यवस्था नै अध्ययनको परिसीमा हो। प्रस्तुत शोध निम्न लिखित क्षेत्र र सीमामा आधारित रहेर तयार पारिएको छ :

क. प्रस्तुत अध्ययन फ्रेटागको पिरामिडका आधारमा उक्त उपन्यासको कथानकको विश्लेषणमा सीमित रहेको छ।

ख. लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'आशा' उपन्यासको पात्र/चरित्रहरूको वर्गीकरण र विश्लेषण सीमित रहेको छ।

ग. चयनका आधारमा 'आशा' उपन्यासको विश्लेषण गरिएको छ।

घ. यसै गरी समानान्तरताका आधारमा आशा उपन्यासको अध्ययन गरिएको छ।

## १.६ पारिभाषिक शब्द

यस शोधकार्यमा प्रयोग भएका पारिभाषिक शब्द र तिनको अर्थ निम्न अनुसार रहेका छन्:

| | | |
|---|---|---|
| क | चयन | - छान्ने/रोज्ने काम |
| ख | विचलन | - मानकको अतिक्रमण /क्रम नमिल्नु |
| ग | आशा | - चाहेको वस्तु पाउने इच्छा |
| घ | समानान्तरता | - पद/पदावली, वाक्यांश वा भावार्थ दोहोरिनु |
| ङ | विचलन | - मानक भाषाको अतिक्रमण गर्नु |
| च) | शैली | - भाषा संरचनाको क्रमबद्ध व्यवस्थित रूप |

# अध्याय दुई :

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्ने क्रममा आफूभन्दा अगाडि सम्पन्न भएको अध्ययन अनुसन्धानहरूको व्यवस्थित र क्रमबद्ध रूपले समीक्षा गर्ने कार्य नै पूर्वकार्यको समीक्षा हो । यसै क्रममा शिक्षा शास्त्र संकाय अन्तर्गत शैलीवैज्ञानिक अध्ययन निरन्तर रूपमा भए तापनि अन्य क्षेत्रको तुलनामा भन्दा कम भएको पाइन्छ । यहाँ उल्लेखित शोध शीर्षकसँग सम्बन्धित भई यस अघि गरिएका केही शोध अनुसन्धानका शीर्षक उद्देश्य र निष्कर्षहरूलाई निम्नानुसारले प्रस्तुत गरिएको छ :

अधिकारी (२०६६) द्वारा नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत 'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू (क) कथानकका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु (ख) चरित्रका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु (ग) चयनका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु (घ) विचलन र समानान्तरताका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु रहेका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गरी आवश्यक व्याख्या, विश्लेषणात्मक पद्वतिमा आधारित रहेको कुरा अध्ययनकर्ता अधिकारीले उल्लेख गरेकी छिन् । 'मलाया एक्सप्रेस' उपन्यासमा नेपाली समाजमा अहिले भइरहेको एक्सप्रेस गतिको विदेश पलायन हुने प्रवृत्ति गाँसबाँस र कपासका लागि ह्वार-ह्वार विदेशिने, विदेशमा अनेक दुःख, पीडा भोग्नुपर्ने र कतिपय व्यक्तिहरू बन्द बाकसमा कोचिएर फर्कनु परेको विवशतालाई यस उपन्यासले देखाएकोले गर्दा शीर्षक सार्थक रहेको निष्कर्ष निकालेकी छिन् । यसका साथै द्वन्द्वकालीन समयमा समाज परिवर्तन गर्नेका लागि समानता र स्वतन्त्र प्राप्तिका लागि नयाँ नेपाल बनाउने लक्ष्यका साथ कोही बाध्यताले र कोही पढ्दा पढ्दै लहैलहैमा अज्ञानताका कारण तमाम युवाहरूले युद्ध लडे पनि पछि जागिर नपाएर के खाने के गर्ने भन्ने ठेगाना नहुँदा कुनै न कुनै देशमा एक्सप्रेस गतिमा विदेश पलायन हुनु परेको कुरालाई जोड दिएको विम्व प्रतीकहरूको प्रयोग, पर्यायवाची शब्दको चयन, निजी भाषाको चयन गरिएको कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

पन्थी (२०६२) द्वारा नेपाली शिक्षा विभाग, कीर्तिपुरबाट 'बसाँइ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) 'बसाँइ' उपन्यासको कथानकको विश्लेषण गर्नु (ख) पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु (ग) चयन र

विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ । उक्त शोध रेखीय ढाँचाको प्रयोग सामाजिक यथार्थवादी उपन्यास आदर्शवादी यथार्थतिर ढल्केको, पलायनमुखी प्रवृत्तिलाई प्रत्यय, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग, अग्रभूमि निर्माणको सफल प्रयोग गरिएको, कथानक आदि, मध्य र अन्त्यको क्रममा सिलसिलाबद्ध रहेको निष्कर्ष प्रस्तुत गरेकी छिन् ।

भट्टराई (२०६७) द्वारा नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ अन्तर्गत 'प्रेतकल्प' उपन्यासको शैलीबैज्ञानिक अध्ययन गरेको देखिन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा (क) कथानकका अधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु र (घ) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरी आवश्यकता अनुसार विज्ञहरूको सुझावहलाई समेत आत्मसाथ गरिएको कुरा उल्लेख गरेका छन् ।

प्रस्तुत 'प्रेतकल्प' उपन्यासमा भएको कथानकको विकासक्रम प्राचीन रैखिक ढाँचामा रहेको बताएका छन् । उक्त शोधमा राजाकालीन नेपाली समाजको यथार्थ चित्रण जातीय भेदभाव, बालविवाह, विधवा, विरोधी मूल्य र मान्यताले नेपाली समाजमा परेका नकरात्मक प्रभाव वर्गीय द्वन्द्व र महिला मुक्तिलाई महत्वका साथ हेरेको निष्कर्ष निकालेका छन् । पात्र विधानका दृष्टिले थुप्रै मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको र तिनीहरू मध्ये मञ्चीय, स्थिर, वर्गीय, प्रतिकूल सहायक र पुरुष पात्रहरूको बाहुल्यता रहेको, भाषिक प्रयोगका दृष्टिले उपयुक्त र प्रभावकारी हुनाका साथै विविध विचलन र समानान्तरताका कारण उपन्यास जीवन्त सार्थक र प्रभावकारी रहेको निष्कर्ष निकालेका छन् ।

खत्री (२०६९) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुरअन्तर्गत रही 'कर्णाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन सम्पन्न भएको पाइन्छ । उक्त शोधको उद्देश्यहरूमा (क) 'कर्णाली ब्लुज' उपन्यासको कथानकको विश्लेषण गर्नु (ख) शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गर्नु (ग) चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गर्नु रहेको छ । उक्त शोधमा पुस्तकालयीय विधिलाई आधार मानी विश्लेषणात्मक शोध विधिको प्रयोग गरिएको छ ।

'कर्णाली ब्लुज' उपन्यासको कथानक कर्णाली प्रदेशमा बसोवास गर्ने निम्न तथा मध्यम वर्गका मानिसहरूको जीवन सङ्घर्षलाई देखाइ समाजका यस्ता वर्गले कहिल्यै सुख पाउन नसक्ने

हुनाले उपन्यास यथार्थवादी बनेको विभिन्न पात्र सुहाउँदो भाषाको चयन गरी समाजका अन्धविश्वास अनपढहरूको शिक्षा प्रतिको विचार ग्रामीण क्षेत्रको आर्थिक स्तर आदिलाई यथार्थ ऐनामा देखाउने कोसिस गरिएको भन्ने निष्कर्ष निकालेका छन् ।

ओली (२०७१) द्वारा नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा अन्तर्गत 'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू (क) कथावस्तु र पात्रका आधारमा 'दृष्टि' उपन्यासको विश्लेषण गर्नु (ख) चयन विचलन र समानान्तरताका आधारमा 'दृष्टि' उपन्यासको विश्लेषण गर्नु र (ग) शैलीवैज्ञानिक पद्धतिका आधारमा प्रस्तुत कृतिको मूल्याङ्कन गर्नु रहेका छन् । उक्त शोध पुस्तकालीय विधिमा केन्द्रित रहेको छ । साथै आवश्यकता अनुसार विज्ञहरूको सुझाव, लेख रचना आदिलाई समेत सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत 'दृष्टि' उपन्यास सामाजिक यथार्थवादी पृष्ठभूमिमा लेखिएको, समाजको वास्तविक चित्रलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको, प्रमुख पात्र बाहेक अन्य पात्रहरूको नाम वास्तविक राखिएको रैखिक ढाँचामा कथावस्तु प्रस्तुत गरिएको, विम्ब प्रतीकहरूको प्रयोग पर्यायवाची शब्दको चयन, आगन्तुक, तद्भव, तत्सम शब्दहरूको प्रयोग कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

यसरी विभिन समयमा गरिएको विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययनलाई आधार मानेर 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । पूर्व कार्यको समीक्षाबाट प्राप्त जानकारी अनुसार विभिन्न समयमा विभिन्न उपन्यासमा शैलीवैज्ञानिक अध्ययन भएको पाइए तापनि डिल्ली बस्नेतद्वारा रचना गरिएको 'आशा' उपन्यासमा भने हालसम्म त्यस किसिमको अध्ययन नभएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रस्ट भएको हुँदा उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु उचित ठानी शोधकार्य गरिएको छ  र त्यो नै 'आशा' उपन्यासको पहिलो शैलीवैज्ञानिक अध्ययन हुनेछ ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

प्रस्तुत शोधकार्य 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन हालसम्म पनि कसैले नगरेको तथ्य पूर्व कार्यको समीक्षाबाट प्राप्त हुन आउँछ । माथि उल्लेखित पूर्वकार्यको समीक्षालाई समुपयोगगरी यो शोध सम्पन्न गर्न सहजता प्राप्त हुनेछ । प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीविज्ञान, कृष्णप्रसाद आचार्यको साहित्य शास्त्र र नेपाली समालोचना, प्रा.डा. पारसमणि भण्डारी, सहप्रा.डा. रामनाथ ओझा र डोलराज अर्यालको भाषिक अनुसनधान

विधि एवं ममता भुजेलको 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, हिराबहादुर खत्रीको 'कर्णाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, नानीमैया अधिकारीको 'मलाया एक्सप्रेस' उपन्यासको शैली वैज्ञानिक अध्ययन, तीर्थराज भट्टराईको 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, राधिका ओलीको 'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, लोकेन्द्र सुवेदीको 'दामिनी भीर' उपन्यास आदिलाई शैलीवैज्ञानिक शोधको आधार मानिएको छ। विभिन्न समयमा गरिएको विभिन्न उपन्यासको शैलीवैज्ञानिक अध्ययनको पूर्व समीक्षाको अध्ययनबाट देहाय अनुसारको उपयोगिता रहेको छः

क. शीर्षक चयनमा सहयोग पुग्ने,

ख. समस्या कथनमा सहयोग पुग्ने,

ग. उद्देश्य निर्धारण गर्न सहयोग पुग्ने,

घ. विधि प्रयोगमा सहयोग,

ङ. अध्ययनको सैद्धान्तिक धारणा निर्माणका साथै तथ्याङ्क सङ्कलनका आवश्यक स्रोत पहिचान गर्ने आदि कार्यमा सहयोग पुग्ने देखिन्छ।


डिल्ली बस्नेतद्वारा लिखित 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन कोही कसैबाट अध्ययन एवं विश्लेषण नगरिएकोले यो प्रथम, मौलिक तथा नितान्त तथा अध्ययन हुने भएकोले यस अध्ययनको उपयोगिता स्वतः सिद्ध हुन्छ। साथै शिक्षक विद्यार्थी तथा अन्य शोधार्थीलाई समेत मार्गदर्शन गर्ने भएकोले उपयोगिता प्रभावकारी देखिन्छ। शैली विश्लेषण गर्न चाहने जो सुकै जिज्ञासुलाई अध्ययन गर्न सहयोग गर्दछ।

## २.३ सैद्धान्तिक/धाराणात्मक संरचना

प्रस्तुत शोधकार्य 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहेका भएकोले यो अनुसन्धान मोहनराज शर्माको शैलीविज्ञान नामक पुस्तकमा केन्द्रित भई निष्कर्ष निकालिएको छ। 'आशा' उपन्यासको शैली विश्लेषण अध्ययन गर्ने क्रममा विभिन्न शोधार्थीहरूको शोधबाट सैद्धान्तिक/धाराणात्मक संरचना निर्माण गरिएको छ। कृष्णप्रसाद आचार्यको साहित्यशास्त्र र नेपाली समालोचना पुस्तकभित्रको शैलीविज्ञान पाठलाई समेत आधार बनाइएको छ।

### २.३.१ कथानकको विकासक्रम

कुनै पनि घटनासँग कलामूल्यको समिश्रण पछि मात्र कथानकको निर्माण हुन्छ । कलामूल्य अन्तर्गतका अभिप्रेरणा र दृष्टिविन्दुको साथै द्वन्द्व र क्रियाव्यापारको मिश्रण भएपछि मात्र कथानकको निर्माण हुन्छ । शैलीका आधारमा भने कथानक रैखिक र वृत्तकारीय गरी दुई प्रकारका हुन्छन् । 'आशा' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासलाई पाँच चरणमा देखाउन सकिन्छ (शर्मा, २०४८ : १७१) :




फ्रेटागको पिरामिडमा प्रस्तुत क विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :

#### २.३.१.१ आरम्भ

चिनारी गमा कृतिभित्र हुने विविध उ कारी हुन्छ ।

#### २.३.१.२ सङ्घर्ष विकास

कथानक विकासको दोस्रो अवस्थाका रूपमा सङ्घर्ष विकासलाई मानिन्छ । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू क्रियाशील हुँदै जान्छन् ।

#### २.३.१.३ चरम

कथानकको विकासक्रमको तेस्रो अवस्थाका रूपमा चरम अवस्थालाई मानिन्छ । यस अवस्थामा पात्रहरूबीच द्वन्द्व पैदा हुने भएकोले पात्रहरू महत्वपूर्ण र गम्भीर निर्णयमा पुग्दछन् ।

#### २.३.१.४ सङ्घर्षह्रास

यो कथानक विकासको चौथो अवस्था हो । यस चरणमा आइपुगेपछि छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने गरिन्छ ।

#### २.३.१.५ उपसंहार

यो कथानक विकासको अन्तिम चरण हो । यस अवस्थामा आइपुगेपछि पात्रहरू बीचमा चलेको सङ्घर्षको अन्त्य हुन्छ साथै पात्रहरूका समस्याको निराकरण हुन्छ ।

### २.३.२ चरित्रको विश्लेषण एवम् वर्गीकरण

उपन्यासको बनोटकलामा पात्रले त्यस्तो स्तम्भका रूपमा कार्य गर्छ जसबाट उपन्यासको संरचना तयार हुन्छ । चरित्र भनेको कृतिलाई जीवन्त बनाउने उर्जा हो । 'आशा' उपन्यासको चरित्रहरूको वर्गीकरणका आधारहरू निम्न रहेका छन् (शर्मा, २०४८ : १८१):

#### २.३.२.१ लिङ्गका आधारमा

पात्र वा चरित्रहरूको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । नायक, नायिका, सहनायक, सहनायिका, खलनायक, खलनायिका आदि कृतिभित्र निहित पात्रहरूलाई छुट्याउन सकिन्छ ।

#### २.३.२.२ कार्यका आधारमा

उपन्यासमा प्रयोग हुने पात्रहरूको भूमिका अनुसार पात्रहरूलाई मुख्य, सहायक, गौण गरी वर्गीकरण गरिएको हुन्छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रमुख भूमिका खेल्ने पात्रलाई सहायक र कम देखापर्ने बीच-बीचमा देखापर्ने र हराउने पात्रलाई गौण रूपमा चिनिन्छ ।

#### २.३.२.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा पात्रलाई प्रतिकूल र अनुकूल गरी दुई भागमा विभाजन गरिएको छ । नायक, नायिकालाई अनुकूल पात्रका रूपमा लिइन्छ भने खलनायक, खलनायिकालाई प्रतिकूल पात्रका रूपमा लिइन्छ ।

#### २.३.२.४ स्वभावका आधारमा

कृतिका पात्रहरूलाई गतिशील र गतिहीन गरी २ वर्गमा वर्गीकरण गर्न सकिन्छ । देश, काल, परिस्थिति अनुसार स्वभावमा परिवर्तन गर्न सक्ने पात्र गतिशील पात्र हो भने स्वभाव, सिद्धान्त र जीवनहरूलाई परिस्थिति अनुसार परिवर्तन नल्याउने पात्रलाई गतिहीन पात्रको रूपमा लिइन्छ ।

#### २.३.२.५ जीवन चेतनाका आधारमा

व्यक्तिगत र वर्गीय गरी जीवन चेतनाका आधारमा पात्रहरूलाई दुई भागमा विभाजन गरिएको पाइन्छ । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिधित्व गर्ने पात्रलाई

वर्गीय पात्रको रूपमा लिइन्छ। सामाजिक भूमिका भन्दा नितान्त फरक, निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हुन् ।

### २.३.२.६ आसन्नताका आधारमा

मञ्चीय र नेपथ्य गरी आसन्नताका आधारमा पात्रहरूलाई दुई भागमा वर्गीकरण गरिएको पाइन्छ। प्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा चिनिन्छ ।


### २.३.२.७ आबद्धताका आधारमा

आवद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । कथानकसँग प्रत्यक्ष सम्बन्धित भएका आएका पात्रहरू बद्ध पात्र हुन भने प्रत्यक्ष सम्बन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् ।

माथि उल्लेखित आधारमा 'आशा' उपन्यासको कथानकमा प्रयुक्त पात्र/चरित्रहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

### २.३.३ कृतिका विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया

शैलीवैज्ञानिक विश्लेषण प्रक्रियाको स्वरूपलाई निम्नानुसार देखाउन सकिन्छ :



#### २.३.३.१ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु वा कृतिको बनोट हो साथै साना संरचक घटकहरूको कुल योग हो । साहित्यिक संरचनामा घटकहरूको निम्न लिखित क्रमश्रेणी वा तह पाइन्छ :

**क) बनोट**

बनोट वा संरचना कृतिमा पाइने साना घटकहरूको कूल योग हो । जस्तैः भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि लघु घटकहरूको कूल योग उपन्यास हो । कृतिका सन्दर्भमा उपयुक्त अङ्क, दृश्य आदि वा भाग, परिच्छेद वा पङ्क्तिहरू क्रमशः साना घटकहरू हुन् र शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्छ । बनोटका तहमा कृति आफ्ना अवयवीगत पूर्णताका साथ देखापर्ने हुँदा यस तहलाई समग्र साहित्यिक प्रभावको तह पनि मानिन्छ (शर्मा, २०४८ : ९) ।

**ख) बुनोट**

बुनोट बनोटका पर्याधारमा पाइने लघु घटकहरूको आफ्नो कार्य हो र एउटा घटकको अर्को घटकसँग सम्वन्ध पनि हो । यो तह बनोटका विपरीत मूर्त हुन्छ । यस तहलाई लघु, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । साहित्यिक कृतिमा पाइने अलङ्कार योजना, छन्द विधान, प्रतिक व्यवस्था, बिम्बविधान, चरित्र कथन, घटना संयोजन, कथानक आदिको वर्णन विश्लेषण शैलीविज्ञानले गर्दछ ।

#### २.३.३.२ भाषिक संरचना

साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आफ्नै खालको निश्चित संरचना रहेको हुन्छ । स-साना भाषिक एकाइहरूको संयोजनबाट माथिल्लो एकाइको निर्माण हुन्छ । यसमा निम्नलिखित तीन पक्षभित्र रहेर साहित्यिक अध्ययन गरिन्छः

**क) व्याकरण व्यवस्था**

भाषा प्रयोगको व्यवस्थित र नियमबद्ध व्यवस्था ब्याकरण हो । ब्याकारण व्यवस्था भित्र रूप प्रक्रिया र वाक्य विज्ञान पर्दछ । कुनै पनि कृतिको शैली विश्लेषण गर्दा भाषाको स्वरूपमो साथै वाक्यगत संरचनाको विश्लेषण आवश्यक पर्दछ । यस सन्दर्भमा रूपविज्ञान र वाक्यविज्ञानको सहयोग लिइन्छ ।

**ख) शब्दभण्डार व्यवस्था**

भाषाको माथिल्लो तह व्याकरण व्यवस्था भन्दा तल्लो तह शब्द व्यवस्था हो । यस अन्तर्गत रूप प्रक्रिया र अर्थ विज्ञान पर्दछ ।

**ग) ध्वनि/वर्ण व्यवस्था**

भाषाको न्यूनतम् एकाइ ध्वनि व्यवस्था हो । यसमा भाषाका खण्डीय र खण्डेत्तर ध्वनिको व्यवस्था गरिएको हुन्छ । यस सन्दर्भमा ध्वनिविज्ञान र वर्णविज्ञानको सहयोग लिइन्छ ।

### २.३.३.३ शैली

भाषा संरचनाको क्रमबद्ध व्यवस्था रूपान्तरित भएर साहित्यिक संरचनाको श्रेणीमा परिणत हुन पुग्दछ । शैलीले सम्बन्ध जोड्ने कार्य, चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन तथा विविधताका आधारमा गर्दछ ।

**क) चयन**

विभिन्न विकल्पहरू मध्ये उपयुक्त विकल्पको छनोट गर्ने कार्यलाई नै चयन भन्ने गरिन्छ । साहित्यिक कृतिमा कृतिकारले भाषामा विविधता सिर्जना गर्नका लागि विविध चयन गरेका हुन्छन् । चयनको मुख्य उद्देश्य कृति भित्र नवीनता तथा सौन्दर्य सिर्जना गर्नु हो ।

**ख) अग्रभूमि निर्माण**

कृति रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन वा अन्य कृतिकारको भन्दा छुट्टै शैली र ढाँचा र प्रवृत्तिको पहिचान दिन कुनै पनि पक्ष विशेष बल वा जोड दिनु नै अग्रभूमि निर्माण हो । खास गरी रचनाको कुनै भागलाई विशिष्ट बनाइ सौन्दर्य प्रकट गर्न यसको प्रयोग गरिन्छ । अग्रभूमि निर्माणका दुईवटा उपकरण छन् :

**अ) समानान्तरता**

भाषाको प्रयोगमा निरन्तरको पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । साहित्यिक कृतिमा समानान्तरता कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताका रूपमा देखापर्छ । त्यसैले कृतिको शैलीवैज्ञानिक अध्ययन गर्दा यसको स्थान निकै महत्वपूर्ण रहेको देखिन्छ । समानान्तरताका दुईवटा उपकरण छन्:

क) बाह्य समानान्तरता

ख) आन्तरिक समानान्तरता

**आ) विचलन**

भाषाको प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य विचलन हो । मानक भाषाको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०४८ : ११) विचलन भाषाका विभिन्न स्तर, एकाइ वा पक्षहरूमा देखिने गर्दछ । यसका प्रकार निम्न छन्:

क. कोशीय विचलन

ख. व्याकरणिक विचलन

ग. वर्णनात्मक विचलन

घ. आर्थी विचलन

ङ. भाषिका विचलन

च. प्रयुक्तिगत विचलन

छ. लेख्य प्रक्रियात्मक विचलन

(शर्मा, २०४८:११)

**ग) विविधता**

विषयवस्तु र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् भने तिनलाई विविधता भनिन्छ (शर्मा, २०४८:११) । शैलीविज्ञानले प्रयोग र प्रयुक्तिका आधारमा कृतिको विविधताको विश्लेषण गर्दछ ।

माथि चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रेटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिएको छ भने, 'आशा' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको विभिन्न आधारमा रहेर अध्ययन तथा विश्लेषण गरिएको छ । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

## अध्याय तीन :

## अध्ययनको प्रक्रिया र विधि

### ३.१ अध्ययनको संरचना

'आशा' उपन्यास शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ। उक्त उपन्यासमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ। उपन्यास विभत्रका पात्र, कथावस्तु, चयन, विचलन र समानान्तरताको अवस्थालाई विश्लेषण गरिएको छ। समालोचनात्मक काव्यकृति, साहित्यकारका लेख रचना, शैलीविज्ञानसँग सम्बन्धित विभिन्नि लेख रचना पुस्तक तथा मिल्दाजुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत शोध अध्ययन कार्य डिल्ली बस्नेतद्वारा लिखित 'आशा' उपन्यास शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ। उपन्यासभित्र भएका घटना र परिघटनालाई जनसङ्ख्या र नमुना छनोटको आधारमा मानिएको छ। नमुना छनोटकै सन्दर्भमा पनि 'आशा' नामक सिङ्गो उपन्यासलाई नै नमुनाको रूपमा लिइएको छ। उपन्यासमा मञ्चीय भूमिकामा रहेका मानव पात्रहरू नै नमुनाका रूपमा छनोट गरिएको छ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोध तयार गर्दा तथ्याङ्क सङ्कलनका साधन दुई रूपले सङ्कलन गरिएको छ :

#### ३.३.१ प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा 'आशा' उपन्यासलाई लिइएको छ। त्यसै गरी यस उपन्यासका लेखक तथा समालोचकलाई समेत प्राथमिक स्रोतका रूपमा लिइएको छ।

#### ३.३.२ द्वितीयक स्रोत

यस अनुसन्धानमा द्वितीय स्रोतका रूपमा ''आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, विश्लेषणहरूको अध्ययन, समालोचनात्मक ग्रन्थहरू, पत्रपत्रिकाहरू, शैली विश्लेषणसँग सम्बन्धित विविध कृतिहरूलाई आधार मानिएको छ।

### ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत 'आशा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा तथ्याङ्क सङ्कलनका प्रक्रियालाई देहायवमोजिम प्रस्तुत गरिएको छ :

क) पुस्तकालयीय विधि

ख) वर्णनात्मक विधि

ग) अन्तर्वार्ता/सोधनी विधि

### ३.५ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विशेषतः शैलीवैज्ञानिक अध्ययन शैलीविज्ञानसँग सम्वन्धित विभिन्न सिद्धान्तमा आधारित भएर गरिएको हुँदा यिनै तथ्यलाई आधारमानी यो अनुसन्धान कार्यमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ। पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरणलाई प्रस्तुत गरिएको छ। कथानक, पात्र/चरित्रको विश्लेषण गरिएको छ। विभिन्न लेख, रचना, समालोचकका रचन, कृति, शैलीवैज्ञानिकसँग सम्बन्धित पुस्तक, सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह सुझाव लिएर, तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ। तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ।

## अध्याय चार :

## कथानक र पात्रका आधारमा 'आशा' उपन्यास

### ४.१ कथानक

जुनसुकै साहित्यिक विधामा आफ्नै संरचक घटकहरू भएझैं उपन्यासमा पनि संरचक घटकहरू छन् । ती घटकहरूमध्ये कथानक वा कथावस्तु पहिलो संरचक घटक हो । कथावस्तुले उपन्यासका घटनाहरूलाई तारतम्य मिलाई सुरुदेखि अन्त्यसम्म शृङ्खलित रूपमा प्रस्तुत गर्दछ । यसकै माध्यमबाट उपन्यास अघि बढेको हुन्छ । उपन्यासका यही तत्त्वको आधारमा पात्रहरू, परिवेश आदि तत्त्वहरू समन्वित भएका हुन्छन् । कथानकबिनाको उपन्यासले गति लिन असम्भव प्रायः हुन्छ । आख्यानात्मक कृतिमा घटना र पात्रबीच कार्य-कारण सम्बन्ध स्थापित गरी पाठकमा उत्सुकता, कुतूहलता वा संशय जनाउने तत्त्वलाई कथानक भनिन्छ (सापकोटा २०५३ : १४) । उपन्यासमा घटेका घटनावलीको योजनाबद्ध ढाँचा नै कथावस्तु हो । अत : कथानक उपन्यासको महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो जुन उपन्यासको आख्यानात्मक आधारभूमि हो ।

### ४.१.१ खण्ड विभाजन र कथानक

उपन्यासको खण्ड विभाजनमा कथानकको गति वा गतिमा हुने परिवर्तन हो । प्रस्तुत **आशा** उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यो उपन्यास जम्मा १४४ पृष्ठ र १४ भाग रहेको छ, तर भाग विभाजनमा भाग नलेखिएको तर अङ्कमा १ उल्लेख गरिएकाले यसलाई भाग भन्ने बुझिएको छ । प्रत्येक भागले ओगटेको पृष्ठको मुनिपट्टिको भागमा एक तर्फको डिल्ली बस्नेत 'सङ्गीत' र अर्को तर्फ आशा लेखिएको छ र त्यसैमा पृष्ठसङ्ख्या पनि लेखिएको छ । उपन्यासको नामाकरणदेखि नै पृष्ठ सङ्ख्या गणना गरिए पनि १ मा पृष्ठ ९ भनेर उल्लेख गरिएको छ । यो उपन्यास अरू उपन्यासको पृष्ठ सङ्ख्या रखाइमा केही फरक भएको छ ।

### ४.१.२ 'आशा' उपन्यासको कथानक तथ्याङ्कन

**(पृष्ठ १-८ सम्म, पृष्ठ सङ्ख्या समावेश छैन तर गणना गरिएको छ)**

- छोरीले आमाको हातको साइँली औंलाको औंठी कहाँ गयो भनी खोजी गर्नु, आमाले औंठीको विषयमा छोरीलाई भन्न नचाहनु, तर छोरीले रोइकराइ गरेपछि आमा रुन थाल्नु ।

- छोरीले बाबु धेरैबेरसम्म घर नआएपछि बाटो हेरिरहनु, आमा व्रत लिएर बस्नु, छोरीले भोक लाग्यो भन्दा पनि आमाले बाबु आएपछि मात्र पूजाआजा गरेर खान मिल्ने कुरा बताउनु ।
- बाटोमा बाबुलाई आउँदै गरेको देख्नु, आमाले आजको दिन नआइदिएको भए हुन्थ्यो भनी अनुरोध गर्नु, बाबुले आमालाई सराप्न थाल्नु, आमा रोइरहनु ।
- राम्रो खान लाउन नदिएको भन्दै बाबुले आमालाई गाली गलौज गर्नु, मलाई छोरा चाहियो भन्दै आमाप्रति आक्रोश व्यक्त गर्नु, छोरीले केवल टुलुटुलु हेरिरहनु ।
- आमाले बाबुको गोडाको पानी खान खोज्नु, बाबुले आमालाई लात्ती दिएर पर उछिट्याउनु, आमाले मेरो कोखबाट जन्मिएकी तँ कति अभागी भन्दै मीठो खाना दिन नसकेको कुरा व्यक्त गर्नु, आमाछोरी राती भोकै सुत्नु ।

१ (पृष्ठ ९-१७)

- व्यथाको पहाडले थिचिएको आमाको मन कहिल्यै हलुका हुन नसक्नु र धर्म पूरा गर्न सक्ने नसक्ने कुरामा अन्यौलको भाव व्यक्त गर्नु ।
- हरिया पातहरू पहेलिँदै जाँदा रहेछन्, जीवनरूपी तलाउमा, झर्दै गरेका पातहरूले अनेक तरङ्गहरू ल्याउँदा रहेछन् भन्ने भाव व्यक्त गर्नु ।
- ऐना हेर्दा बेहुली बनेर सजिएएको दिनको याद हुनु, त्यो दिन एकादेशको कथा जस्तो भान हुनु, विवाहको दिन सम्झिएर अहिले सपना हो कि विपना हो भन्ने भान हुनु ।
- बुबाले आमालाई लक्ष्मीको स्वरूप देखेको कुरा छोरीलाई सुनाउनु, छोरीले आमाको कहानी ध्यान दिएर सुनिरहनु ।
- सन्तान होस् भनेर विभिन्न ठाउँमा भाकल गरेको कुरा छोरीलाई सुनाउनु तर छोरी जन्मिएपछि बाबु अझ आक्रोशित हुनु र रक्सीको सेवनले सधैँभरि लर्बरिँदै हिँड्नु ।
- पहिलोपटक घर छोडेर निस्किएपछि कहाँ जाउँ, के गरुँ हुनु र बाबुआमाको घरमा नभई पाइताला अन्तैतिर मोडिनु ।
- साँझ परेपछि घर पुग्नु, घर पुग्दा बाबु पुर्पुरोमा हात लगाएर झोक्राइरहनु, आफूलाई देख्दा हुँकहुँक गरी रुनु, बाबुलाई पश्चात्तापको महसुस हुनु ।

२ (पृष्ठ १०-१७)

- बाबुको दैनिकी नै रक्सीमा बित्नु, जीवनको धेरै वर्ष बाबुको सहारा रक्सी बन्नु, श्रीसम्पत्ति सबै खत्तम हुनु, आमा र छोरीको ममताबाट दिनदिनै टाढा हुँदै जानु ।
- छोरीलाई ज्वरो आउनु, आमाले पानीपट्टि गर्नु, आमासँग छोरीलाई औषधी उपचार गर्ने सुको नहुनु, अँध्यारोमा छलछाम गर्दै बाबु घर आइपुग्नु, छोरी बिरामी भएको कुरा सुनाउनु ।
- बाबुले आमालाई खाना नपकाएको भन्दै घरबाट गलहत्याएर निकाल्नु, ज्वरोले कापिरहेकी छोरी अब भोक र डरले अझ धेरै काप्दै आमालाई अंगालो मार्न पुग्नु तर आमालाई बाबुले घरबाट धपाई छोरीका मात्र अस्मिता, भविष्य र सपनाहरू कुल्चँदै थियो बाबु ।
- आमाछोरीले घर छोडेर हिँड्नु, सन्तव्यको निश्चित नहुनु, छोरीले आफू नजन्मिएकी भए आमाको यो दशा नहुने थियो होला भनी सोच्नु ।
- आमाछोरी घर छोडेर नयाँ गाउँमा पुग्नु, गाउँलेहरूले बच्चीको माया गरी काखमा लिनु, अर्की एक महिलाले पनि आफूकै जस्तो कथा व्यथा सुनाउँदै सौता हालेको कुरा मनकली काकीले सुनाउनु ।
- उनीहरूले मनकलीकै घरमा शरण लिनु र रात बिताउनु र मनकली काकीकै सल्लाह अनुसार आमाछोरी त्यही बस्नु, छोरी पनि बिस्तारै हुर्कँदै जानु र कुरा बुझ्ने स्वभावकी हुनु, गाउँ छोडेर सहर बस्ने निधो गर्नु ।

३ (पृष्ठ २७-३७)

- छोरीले बाल्यकालमा सुनेको स्वर्ग भनेको माथि आकाश हुन्छ र नर्क भनेको धरती मुनी हुन्छ भनी विश्वास गर्नु तर यथार्थमा स्वर्ग र नर्क भनेको जीववन भोगाइका समानान्तर पाटा हुँदारहेछन् भनी बुझ्नु ।
- आमाछोरी नेपालगञ्जको सहर पुग्नु, सहर पुग्दा आँखा तिर्मिराउनु, गाडी धम्बोजी चोकमा आएर अडिनु, रिक्सावालले नबुझिने भाषा बोल्नु, रिक्सावालसँग बस्ने बास र खाने गाँसको व्यवस्था मिलाउन अनुरोध गर्नु, रिक्सावालले राधाकृष्ण धर्मशालामा लगिदिनु ।
- छोरीको उमेर बाह्र वर्षको हुनु, आमाले ज्याला मजदुरी गरेर भए पनि खुशी र सुखी साथ बस्नु, एकदिन चर्को घाममा हिँड्ने क्रममा आमा बीच बाटैमा लडेर बेहोस हुनु, कसैले

आमालाई लान नखोज्नु तर एकजना मैलो लुगा लगाएको मानिस आएर अटोरिक्सा चलाएर अस्पतालतिर लानु ।

- अटोरिक्सावालाले आमाको उपचार गर्नु र आफ्नै घरमा सहारा दिन्छु भन्नु, आमाछोरीको पनि जाने ठाउँ कही नभएपछि उसकै पछि लाग्नु । उसको घरमा पुऱ्याउनु र उसकी श्रीमती जनयुद्धमा परेको विषयमा बेलीविस्तार लगाउनु ।
- अटोरिक्सावालले जनयुद्धकै क्रममा आफ्नी श्रीमती देवी मारिएको कुरा आमाछोरीलाई सुनाउनु, आफू दोस्रो विवाह नगर्ने र जीवनभरि देवीकै यादमा बसिरहने प्रण गरेको कुरा सुनाउनु ।
- आमाछोरीलाई सान्त्वाना दिँदै छोरीलाई पढाइ ठूलो मान्छे बनाएर उसका बाबुलाई चुनौति दिन आग्रह गर्नु, 'समाज बन्धन हो, बाँधिनु पर्छ तर आफूल रेटिएर होइन' भन्दै लल्लुराम पल्लोकोठातिर सुत्न जानु ।

४ (पृष्ठ ३८-४८)

- आमाछोरी लल्लुरामको घरमा बस्नु, हाँसीखुशी दिन बिताउनु, आशाले पढ्न, लेख्न पाउनु, नजिकैको शिवशक्ति माध्यमिक विद्यालयमा कक्षा ६ मा भर्ना हुनु ।
- आशाकी आमा सन्ध्याले हस्पिटलमा काम पाउनु, आशा कक्षामा प्रथम हुँदै जानु, मामा लल्लुराममा खुशीको लहर छाउनु ।
- आमाले बुबालाई सपनामा देख्नु र भावुक भइ सुँक्कसुँक्क गर्दै रुनु, विद्यालयमा कार्यक्रम हुनु, आशा कविता प्रतियोगितामा प्रथम हुनु, आशाले पुरस्कार पाउनु ।
- विगतका कुरा सम्झिएर आमा पीडित हुनु, भोलिको सुन्दर सपना देखेर खुशी व्यक्त गर्नु ।
- आमाले आशाको मुख हेरिरहनु, आमाले दुई थोपा आँशु चुहाउनु, अरूको सहारामा बाँच्न गााह्रो भएको महसुस हुनु, आफ्नै पौरखमा बाँच्ने प्रण गर्नु ।

५ (पृष्ठ ४९-५५)

- गाउँमा छाडा प्रवृत्ति हुनु, गुचुप्प परेका घरहरू हुनु, शीलताको खोजी गर्दै सहरमा केही व्यक्ति बजार गासिनु ।

- केटाकेटीहरू लुकामारी खेल्नु, सन्देशले आशाको हात समाउनु, त्यो कुरा आमा र गाउँका केही महिलाहरूले देख्नु ।

- गाउँलेहरू हरिनारायणको आँगनमा भेला हुनु, सन्देशले हात समाएका कारण सन्देशकी आमाले सन्ध्यालाई नानाथरी भन्नु, सबै कुरा हरिनारायणले मिलाइदिनु ।

६ (पृष्ठ ५६-६७)

- आमालाई जोरा नभएको कुरामा टेन्सन हुनु, मामाले आशालाई कहिल्यै कमजोर नहुनु भनी आत्मबल दिनु, तर आमा विचलित हुँदै जानु, आमालाई बाबुको यादले सताउँदै जानु ।

- सपनामा बाबु आउनु र आमालाई 'सन्ध्या, तिमीलाई मैले चिन्न सकिनँ, क्षणिक आवेगमा आएर मैले तथानाम गाली दिएँ । मैले त्यो गर्नु हुँदैनथ्यो । घरकी लक्ष्मीलाई त्यागेर मैले जुन रूपमा सन्तुष्टि लिन खोजेँ, त्यसले आज मलाई घर न घाटको बनाएर लखेटेकी छ' भनी आत्मग्लानि गर्नु ।

- शान्तिले सिनेमा हेर्न जाने कुरा गर्नु, सिनेमा जीवन काँडा कि फूल हो भन्नु, दुईजनाको कुरा भइरहेको बेलामा अक्लेशको प्रवेश हुनु । सिनेमा हेर्न जाँदा अक्लेशले नै टिकट काट्नु ।

- आमाले एकाएक घर छोडेर बेपत्ता हुनु, मामा लल्लुराम र मैले आमाको खोजी गर्नु तर कतै आमालाई भेट्न नसक्नु ।

७ (पृष्ठ ६८-७५)

- आशाको दाहिने आँखा फर्कराउनु, एसएलसीको नतिजा प्रकाशित हुनु, आशाले प्रथम श्रेणीमा एसएलसी पास गर्नु,

- मामा एकाएक रुनु, मामा रोएको देखेर आशा पनि रुनु, गाउँले महिलाले नानाथरी कुरा काट्नु, एकजना वृद्धाले तिम्रो र सन्देशको नराम्रो सम्बन्ध छ रे भन्ने हल्लो आमालाई तनाव हुनु, सन्देशकी आमाले सन्ध्यालाई गाली दिनु, लल्लुरामकी रखौटी भनिएको कारण आमाले घर छोडेको कुरा थाहा पाउनु ।

- मामाले भाञ्जीलाई मन सानो नबनाउन आग्रह गर्नु, मामाले भाञ्जीलाई काठमाडौं पढ्न पढाउने अठोट गर्नु, आफ्नो गरिखाने भाँडो अटोरिक्सा बेचेर भाञ्जीलाई पढ्न पठाउने योजना बनाउनु, आशाको मनमा विभिन्न योजनाहरू बनिनु ।

८ (पृष्ठ ७६-८२)

- आशाले लत्ताकपडा मिलाउनु, मामा हतारहतार खालीखुट्टा बाहिर निस्कनु र हातमुख धोएर फर्कनु, बाटामा खानका लागि चिउरा र भटमास खाजा लगाइदिनु, भित्तामा झुण्डाएको तस्विर आमाको हुनु ।

- मामा आइपुग्नु, मामासँग अरू दुइईजना आएर अटोरिक्साको मलमोलाई हुनु, दुईजनाले अटोरिक्सा लिएर जानु ।

- मामाले आशालाई गाडीसम्म पुऱ्याउनु, आफूसँगै दुईजना नौला मान्छेहरू पनि गाडीमा पस्नु, छेउको मान्छे पान खाइरहने हुनु, ऊ काठमाडौं पुग्नु काठमाडौंका साँघुरा गल्ली हुनु ।

९ (पृष्ठ ८३-९१)

- काठमाडौंका अनेकौं दृश्यहरू उसले हेरिरहेकी छिन् । एउटी खाइलाग्दी आइमाईले बुढी आमाले हात जोड्दा पनि माफ नदिनु, भाडा मोल्न कर गर्नु, आशाले कमल नारायणको शरण लिनु ।

- कमल नारायणको घरमा आशाले शरण लिनु, कमल नारायणकी छोरी आरती र बन्दनासँग भेट हुनु ।

- कमल नारायण सर अबेर मात्र घर आउनु, छोरीहरू आशाको कोठामा नै बस्नु, आमाले आरती र बन्दनालाई छोडेर हिँड्नु ।

१० (पृष्ठ ९२-१०१)

- आशा कलेज जान सुरु गर्नु, कलेजमा आफ्ना नयाँ साथी बनिँदै जानु, गाउँबाट आएका केटाकेटीहरू सहर छिरेपछि विकृतिमा फँस्दै जानु तर आशालाई त्यसले कुनै असर नगर्नु ।

- आशा पढाइमा तेज हुनु, पुस्तकालयमा गएर नयाँ पुस्तकहरू पढ्न थाल्नु, प्रिया र प्रमिलासँग भेट हुनु ।
- प्रमिला प्रकृतिप्रेमी हुनु, चुनौतिका पहाड चढ्दै जानु, जिन्दगी सफल हुँदै जानु ।
- आमा र मामाका यादमा मलाई च्याप्न थाल्यो । मामाले भाञ्जीलाई सम्झनु । रुनु कायरता बन्नु हुँदैन । कमल नारायणले खुशी प्रकट गर्नु, छोरीलाई सही बाटोमा लगाइदिएको भन्दै कमल नारायणले आशालाई ढाडस दिनु ।
- +टुको पढाइ सिध्याएर आशा घर फर्किनु । आरती र बन्दनाले आशालाई अत्यन्तै माया गर्नु ।
- कमल नारायणले आशाको प्रशंसा गर्दै गाडीको टिकट लिएर आउनु, आशाले गाउँको कल्पना गर्नु, गाउँको परिवेश सम्झेर आशालाई विरक्त लाग्नु

११ (पृष्ठ १०२-११२)

- आशा घर फर्किनु, घर फर्कदै गर्दा तारासँग भेट हुनु, तारालाई आशाले मामाको घर लिएर जानु, गाउँमा मामा मात्र हुनु, घरमा आएर आशाले घर सम्हाल्नु ।
- ताराले आफ्ना सबै पीडा आशालाई सुनाउनु, ताराको पीडामा आशा मर्माहत हुनु ।
- घर आइपुगेको दिन मामाले नै आशा र तारालाई खाना बनाएर खुवाउनु ।

१२ (पृष्ठ ११३-११९)

- मधेसवादी आन्दोलन हुनु, मामा आन्दोलनमा जानु, आन्दोलनमा जुलुस अगाडि बढ्दै जानु, सुरक्षा फौज र सुरक्षाबीच झडपको स्थिति हुनु ।
- झडपमा ढुङ्गामुढा हुनु, सुरक्षाकर्मीले फायर गर्नु, फायरमा गोली चल्नु, दर्जनौं आन्दोलनकारी ढल्नु, भीड तितरबितर हुनु, निर्धा पेलिनु, बलियाबाङ्गा भाग्नु ।
- टेलिभिजनमा समाचार आउनु, आशा झस्किनु, मामालाई पनि गोली लाग्नु, एकैछिनपछि गाडी आउनु, आशालाई गाडीमा बस्न अनुरोध गर्नु, आशालाई भेरी अञ्चल अस्पतालमा लानु, बेड नं. १६ मा मामालाई राखिनु ।

- आशालाई मामाले शिरमा हात राख्दै बोल्नु 'भाञ्जी, चिन्ता नगर । म देवीको काखमा जाँदैछु' । मामाको मृत्यु हुनु, हजारौं मानिस जम्मा भई शवयात्रा हुनु, आशाले घरमा आएर काजक्रिया गर्नु, मामालाई सहिद घोषणा गर्नु ।

१३ (पृष्ठ १२०-१२९)

- आफूलाई टुहुरी भएको महसुस हुनु, आशा काठमाडौं फर्किनु, आशा सरासर कमल नारायणको घर जानु, कमल नारायण, छोरीहरू आरत र बन्दनालाई नदेख्नु, प्रियाको बोली सुन्नु, प्रिया परपुरुषसँग रमाइरहेकी हुनु ।

- प्रियाले आशा बेलुकै आएको कुरा थाहा नपाउनु, आशालाई देख्दा प्रिया झस्किनु, परपुरुषले प्रियालाई दिदी भनी सम्बोधन गर्नु र विदा माग्नु ।

- आशा प्रियाको घरबाट अन्यत्रै डेरा सर्नु, डेरा प्रियाको कोठामा पार्टनर भएर बस्नु, कामको खोजीमा भौतारिँदै जाँदा आशाले गलैंचा कारखानामा काम भेट्नु ।

- आफ्नो काममा व्यस्त भएका बेला पटकपटक केटाहरू आउनु र आफूलाई फकाउनु, आशालाई काममा सुरक्षित छैन भन्ने भान हुनु, ऊ थकित भएर फलैंचामा बस्नु, त्यही एकजना महिला आएर सँगै बस्नु ।

- तीनै महिलाको सहाराले वृद्धाश्रममा काम गर्न पाउनु, आश्रममा एकजना अर्धपागल बूढीआमा हुनु, ती बृद्धाको आशाले विशेष ख्याल गर्नु, केही समयपछि वृद्धालाई घरमा नै लिएर आउनु ।

१४ (पृष्ठ १३०-१३९)

- वृद्धाको औषधि सिधिनु, आशा औषधी किन्न बजार निस्कनु, औषधी लिएर फर्कन लाग्दा नजिकैको हेयर ड्रेसर पसलको ऐनामाएक युवकको अनुहार देखिनु, उसले आशालाई हेरिरहनु ।

- त्यो अनुहार कताकता देखेजस्तो लाग्नु, आशाले उसको नाम सोध्नु, त्यो पुरुषले आफू सन्देश भएको बताउनु, सन्देश नाम सुन्ने बित्तिकै ऊ नराम्ररी झस्किनु ।

- सन्देशले आशासँग माफी माग्नु, सन्देशले आशालाई लिएर आफ्नो होटलतिर लाग्नु, सन्देशका पनि बुबा नहुनु, बुबा नभएकै कारण एकजना बूढा पसलमा चिया खान आएको बेला आफ्नो कोही नभएको बताउनु ।

- सन्देशले बृद्धलाई आश्रय दिनु, बृद्धाले एक छोरी र श्रीमती भएको र उनीहरूले घर आफ्नै दुर्व्यवहारले गर्दा घर छोडेर हिँडेको कुरा बताउनु ।
- सन्देशले बृद्धाको कहानी बताउँदै गर्दा त्यो दिन भदौको कुसे औंसी दिन भएको र आफूले बुबा मानेर सहारा दिएको कुरा बताउनु, आशाले बृद्धलाई भेट्ने प्रण गर्नु ।
- बृद्धासँग भेट हुनु, बृद्धाले आशा कस्की छोरी र कहाँ घर भनी सोध्नु, उत्तरमा आशाले रोल्पा सुनछहरी भनी बताउनु, बृद्धाले मेरी छोरी यही हो कि भनी अनुमान गर्नु । बृद्धले बेलीविस्तार लगाइसकेपछि आशाले 'बुबा' भन्दै अँगालो मार्नु ।
- प्रियाले निशालाई औषधी लिएर आउन ढिला भएको भनी हप्काउनु, तर आशाले आफूल आज बाबुसँग भेट भएको कुरा बताउनु ।
- यता औषधीको सेवनपछि बृद्धाको पनि स्वास्थ्यमा सुधार हुँदै जानु र भित्ताको तस्विर हेरेर त्यो तस्विर आफ्नो भएको कुरा वृद्धाले बताउनु ।
- आशाले ती वृद्धा आफ्नै आमा भएको कुरा थाहा पाउनु, आफूलाई जीवनकै खुशी प्राप्त भएको कुरा महसुस गर्नु वा बाबु र आमा दुवैलाई एकैसाथ पाउनु । विशेष कार्यक्रमका बीच आमा र बुबालाई भेट गराउनु ।

### ४.१.३ कथानक तथ्याङ्कनका आधारमा 'आशा' उपन्यासको विश्लेषण

डिल्ली बस्नेत 'सङ्गीत'द्वारा लिखित **आशा** उपन्यासमा सामाजिक उपन्यास हो । यो उपन्यासमा मुद्रण नेपालमा मात्र भनिएको छ । २०७४ साल असोजमा प्रकाशित भएको आशा उपन्यासको प्रकाशकको रूपमा शिखा बुक्स रहेको छ । यसमा एउटा समाजमा नारीमाथि गरिने दुर्व्यवहारको सम्बन्धमा अथवा लैङ्गिक विभेदको सम्बन्धमा चर्चा परिचर्चा गरिएको छ । आशा उपन्यासले समाजमा छोरा र छोरीबीचमा हुने भेदभावलाई उपन्यासकार बस्नेतले गहिरो चित्रण गरेका छन् ।

समाजमा छोराछोरा भन्ने तर छोरीलाई हेला गर्ने, छोरी जन्मिएकै निहुँमा बाबु रक्सीको कुलतमा फँस्ने, घरमा केही वास्ता नगर्ने, श्रीमती र छोरीमाथि दुर्व्यवहार गर्ने जस्ता नकारात्मक कुराले आशाकी आमा दिनप्रतिदिन पिडित हुँदै गइरहेको अवस्था छ ।

हिन्दु नारीहरूको हरितालिका जस्तो रमाइलो चाडमा बाबु रक्सी खाएर आउनु तर आमाले बाबु आएपछि मात्र बाँडिचुडी खाने कुराले आशा पनि भोकै हुन्छ । बाबु मातेर आएपछि

आमाले बाबुलाई आजको दिन त रक्सी नखाइदिएको भए हुन्थ्यो भन्ने कुरामा विवाद हुँदा आशा र आशाकी आमालाई बाबुले घर निकाला गर्छ ।

मध्यराति आमा र छोरी सडकमा भौतारिँदै अर्को गाउँमा शरण लिन पुग्छन् । आशा र उसकी आमा राति नै अर्को गाउँमा गई मनकली काकीको घरमा शरण लिएको अवस्थाको चित्रण गरिएको छ । उनीहरूको बसाइ त्यसघरमा ५/६ वर्षको हुन्छ । आशा दिनदिनै बुझ्ने हुँदै गइरहेकी हुन्छे । एकदिन मनकली काकीसँग विदा मागी उनीहरू सहर जान्छन् । नेपालगञ्जको व्यस्त बजारमा रात पर्न लाग्दा गाडीले पुऱ्याइदिन्छ । गाउँमा जन्मिएकी आशाले सहर कहिल्यै देखेकी हुँदिन । त्यसैकारण सहरको झिलीमिली बत्तीले आशाका आँखा तिरीमिरी हुन्छ । आशा र उसकी आमाले अब कहाँ जाने र बस्ने भन्ने पीडाको छटपटीसँगै एउटा रिक्सामा रिक्सावालासँग नै रातिको लागि खान र बस्नका व्यवस्था मिलाइदिन आग्रह गर्दछन् । उही आग्रहलाई मानी रिक्सावालाले धर्मशालामा पुऱ्याइदिन्छ । आमाछोरी त्यही धर्मशालामा केही दिन बसी ज्यादा मजदरी गर्दछन् । तर धर्मशालामा सधैँभरि बस्न नमिल्ने हुँदा एक दिन प्रचण्ड गर्मीमा सडकमा निस्कन्छन् । तातो घाममा हिँड्दाहिँड्दै आमा ढल्छिन् । तर वरिपरिका कसैले पनि आमालाई नउठाएको र अन्त्यमा अटोरिक्सावालाले आमालाई अटोमा लगाएर हस्पिटल पुऱ्याउँछन् । आमा होसमा आएपछि कहाँ जाने के गर्ने पत्ता हुँदैन । दुवै आमाछोरीलाई रिक्सावालले घरमा नै जान्छ र आशालाई पढाइ लेखाइ गरी बाबुलाई चुनौती दिनुपर्ने कुरा गर्छ । लल्लुरामको घरको छेउमा शिवशक्ति मावि हुन्छ । त्यही माविमा आशाको कक्षाा ६ मा भर्ना हुन्छ । आशाको पढाइ निकै तेजको हुन्छ । कक्षामा प्रथम हुँदै जान्छे । तर एक दिन सन्देशले दह्रोसँग आशाको हात समात्छ । त्यो कुरा आमाले र केही गाउँलेहरूले देखेका हुन्छन् । गाउँमा हरिनारायण आएर केही कुरा सबैलाई राम्रो मान्नुपर्ने कुरा बताउँछ । आशाको पनि एसएलसीको बेला आउँछ । एसएलसी प्रथम श्रेणीमा पास गर्छे तर रिजल्ट आउनुभन्दा तीन दिन अगाडि नै आमाघर छाडेर हिँड्छे । आमाले छोडेर हिँडेपछि आशा विक्षिप्त हुन्थे । मामाले नै अटोरिक्सा बेचेर काठमाडौं पढ्न पठाउँछ । कमल नारायणको घरमा बसेर पढ्न थाल्छे । कमल नारायणकी दुईवटी आरती र बन्दनालाई पढाउने शर्तमा कोठा भाडा लिँदैनथे । आशाले आरती र बन्दनालाई नेपाली विषयको ट्युसन पढाउनु पर्थ्यो । आरती र बन्दनालाई छोडेर आशा हिँडेकी थिई । कलेजमा कविता प्रतियोगितामा भाग लिई । प्लस टुको पढाइ सिध्याएर मामा घर फर्किन्छे । आशा घर फर्किएको केही दिनमा मधेशवादी आन्दोलन चर्किन्छ र आन्दोलनमा गोली लागी मामा लल्लुरामको मृत्यु हुन्छ । अब आशा पुरै टुहुरी हुन्छे र मामाको काजक्रिया गराउँछे र काठमाडौं फर्किन्छे । काठमाडौं फर्कदा कमल नारायण सरलाई पनि देख्दिन र छोरी आरती र बन्दनालाई पनि देख्दिन । घरमा

परपुरुषसँग पारु मात्र हुन्छे। ऊ विरक्त भएर प्रियाको कोठामा बस्दै आरआर क्याम्पसमा भर्ना हुन्छे। ऊ आर्थिक खर्च जुटाउनका लागि गलैंचा कारखानामा काम गर्छे। त्यहाँ आफ्नो भलाई नहुने ठानी त्यहाँबाट भौतारिँदै बस बिसौनीको छेउमा बस्छे। एकजना बृद्धा पनि बसिरहेकी हुन्छिन्। उनले आफ्नालाई सोच्छिन् र पढ्नका लागि आर्थिक अवस्थाको कारण कठिन भएको कुरा आशाले बताएपछि आफ्नो बृद्धाश्रममा आशालाई रोजगार दिन्छिन्। त्यही आश्रममा अर्धपागल वृद्धा हुन्छिन् भने वृद्धालाई औषधि किन्न गएको समयमा सन्देशसँग भेट हुन्छ र सन्देशले चियापसलमा लगेर वृद्धसँग भेट गराउँछ। त्यही वृद्ध नै आशाको बाबु हुन्छ भने यता आश्रमबाट ल्याइएकी ती अर्धपागल वृद्धा आशाकी आमा हुन्छे। उपन्यासको सुरुवातमा नै बाबुले गलहत्याएकी छोरीले उपन्यासको मध्यभागमा पुग्दा आमालाई पनि गुमाउनु परेको थियो तर अन्त्यमा आशाले आमा बाबु दुवै पाएकी छे। समग्रमा हेर्दा आशा उपन्यास एक बसाईमा पढीसक्न अलिक कठिन देखिन्छ। समाजमा घटेका यस्ता घटनालाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ। छोरी भनेर हेला गर्ने बाबुले अन्तिममा छोरीकै खोजीको लागि सहर बजारका सडकमा भौगारिँदाको पीडा यसमा छर्लङ्ग भएको छ।

### ४.२ 'आशा' उपन्यासको चरित्र विश्लेषण

आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ। पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त हुन्छन्। नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ (शर्मा, २०५९: ११४)।

उपन्यासमा सहभागी हुने मानवीय वा मानवेतर (व्यक्ति तथा पशुपक्षी) प्राणी चरित्रहरू नै पात्र हुन् (आचार्य, २०६६ : १५४)।

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६ : २७)।

उपन्यासको कथानकको क्रिया व्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई अगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ। पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँदछ।

### ४.२.१ पात्र वर्गीकरणको आधार

पात्रहरूको वर्गीकरण विभिन्न तरिकाबाट गतिशील र गतिहीन, यथार्थ र आर्दश, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारस्परिक र मौलिक रूपले गरिएको पनि पाइन्छ ।

उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरू पनि महत्त्वपूर्ण केही आधारहरू हुन् भने निम्नलिखित आधारहरू पनि महत्त्वपूर्ण रहेका छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् ( बराल र एटम, २०६६ : २९) ।

**क) लिङ्गका आधारमा**

उपन्यसामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि तौर-तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

“पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ” (बराल र एटम, २०६६ : २९) ।

**ख) कार्यका अधारमा**

उपन्यासमा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र उपन्यासको केन्द्रिय चरित्र हो, सहायक पात्र उपन्यासको केन्द्रिय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, उपन्यासमा नभए पनि फरक नपर्ने पात्र हो ।

**ग) प्रवृत्तिका आधारमा**

यस उपन्यासमा पात्र अनूकुल र प्रतिकुल गरी दुई वर्गका हुन्छन् । उपन्यासको कथावस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनूकुल चरित्र हुन आउँछ र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकुल चरित्र हुन्छ ।

**घ) स्वभावका आधारमा**

यस आधारमा गतिशील र गतिहीन दुई स्वभावका पात्र हुन्छन् । उपन्यासको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र हुन्छन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन्छन् ।

**ङ) जीवन चेतनाका आधारमा**

उपन्यासमा सहभागी हुने पात्रले देखाएको जीवनचेतना भनौ उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र हुन्छ ।

**च) आसन्नताका आधारमा**

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**छ) आबद्धताका आधारमा**

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन ।

### ४.२.२ 'आशा' उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

**आशा** उपन्यासमा थोरै पात्रहरू प्रयोग भएका छन् । यस उपन्यासमा आमा र आशा सत् पात्रका रूपमा रहेका छन् । यिनीहरूका अतिरिक्त लल्लुराम, भलाद्मी, हरिनारायण, अक्लेश, शान्ति, खेतालाहरू, सन्देश, आइमाईहरू, राजनीतिककर्मी, बुढी आइमाई, खाइलाग्दी आइमाई, चुरोट खाने केटा, कमल नारायण, पियन, प्रिन्सिपल, आरती, बन्दना, द्रोणाचार्य, अर्जुन, एकलव्य, कुकुर, गुरु, विद्यार्थीहरू, प्रिया, प्रमिला, जितेन्द्र, तिवारी सर, भोला सर, तारा, कमला, मनकली

पात्रहरू भए पनि यस उपन्यासको प्रमुख पात्र चाहिँ आमा र छोरी आशा जसको चर्चा निम्नअनुसार गरिएको छ :

**क) आशा**

यस उपन्यासको प्रमुख पात्र आशा हो। उसको जन्म नेपालको पश्चिमी क्षेत्रमा भएको हो। आशा बाबुआमाकी एक मात्र सन्तान हो। विवाह गरेको धेरै वर्षसम्म सन्तान हुँदैनन्। सन्तान नभएका कारण बाबुआमाले धेरै भाकल गर्दा आशाको जन्म हुन्छ। तर उसका बुबालाई सन्तानको रूपमा छोरा भइदिए हुन्थ्यो भन्ने आशा भइरहेको बेला सन्तानका रूपमा छोरीको जन्म हुन्छ। छोरी आशा जन्मिएपछि बाबुले आमालाई विभिन्न खालका यातना दिइरहन्छ। छोरा नजन्माएको भन्दै बाबुले रातदिन रक्सी, जुवा, तासको सहारा लिन्छ। त्यसै क्रममा आमाका माइतीले दिएका गरगहना सबै सिध्याइदिन्छ। चाडपर्व आउँदा पनि आशा र आशाकी आमालाई उसले ख्याल गर्दैन। राति मातेर आउनु त उसको दिनचर्या नै भएको छ। एकदिन हरितालिका तीजको बेला आमाको हातको साइँली औंलामा लगाएको छापे औंठी एकाएक हराउँछ। त्यो औंठी अन्त कतै नगई उसका बाबुले रक्सी साटेर खाएको हुन्छ। आशाले आमालाई औंठी खोइ आमा भनी सोध्दा आमा रुन थाल्छिन्। आशाका सम्पूर्ण इच्छा र चाहना बाबुले एकैछिनमा भताभङ्ग पार्दै एक दिन आशा र आशाकी आमालाई घरबाट निकाल्छ। आशा र उसकी आमा राति नै अर्को गाउँमा भई मनकली काकीको घरमा शरण लिन पुग्दछन्। उनीहरूको बसाइ त्यसघरमा ५/६ वर्षको हुन्छ। आशा दिनदिनै बुझ्ने हुँदै गइरहेकी हुन्छे। एकदिन मनकली काकीसँग विदा मागी उनीहरू सहर जान्छन्। नेपालगञ्जको व्यस्त बजारमा रात पर्न लाग्दा गाडीले पुऱ्याइदिन्छ। गाउँमा जन्मिएकी आशाले सहर कहिल्यै देखेकी हुँदिन। त्यसैकारण सहरको झिलीमिली बत्तीले आशाका आँखा तिरीमिरी हुन्छ। आशा र उसकी आमाले अब कहाँ जाने र बस्ने भन्ने पीडाको छटपटीसँगै एउटा रिक्सामा रिक्सावालासँग नै रातिको लागि खान र बस्नका व्यवस्था मिलाइदिन आग्रह गर्दछन्। उही आग्रहलाई मानी रिक्सावालाले धर्मशालामा पुऱ्याइदिन्छ। आमाछोरी त्यही धर्मशालामा केही दिन बसी ज्यादा मजदरी गर्दछन्। तर धर्मशालामा सधैंभरि बस्न नमिल्ने हुँदा एक दिन प्रचण्ड गर्मीमा सडकमा निस्कन्छन्। तातो घाममा हिँड्दाहिँड्दै आमा ढल्छिन्। तर वरिपरिका कसैले पनि आमालाई नउठाएको र अन्त्यमा रिक्सावालाले आमालाई अटोमा लगाएर हस्पिटल पुऱ्याउँछन्। आमा होसमा आएपछि कहाँ जाने के गर्ने पत्ता हुँदैन। दुवै आमाछोरीलाई रिक्सावालले घरमा नै जान्छ र आशालाई पढाइ लेखाइ गरी बाबुलाई चुनौती दिनुपर्ने कुरा गर्छ। लल्लुरामको घरको छेउमा शिवशक्ति मावि हुन्छ। त्यही माविमा आशाको कक्षाा ६ मा भर्ना हुन्छ। आशाको पढाइ निकै तेज हुन्छ। कक्षामा प्रथम हुँदै जान्छे। तर एक दिन सन्देशले दह्रोसँग

आशाको हात समात्छ । त्यो कुरा आमाले र केही गाउँलेहरूले देखेका हुन्छन् । गाउँमा हरिनारायण आएर केही कुरा सबैलाई राम्रो मान्नुपर्ने कुरा बताउँछ । आशाको पनि एसएलसीको बेला आउँछ । एसएलसी प्रथम श्रेणीमा पास गर्छे तर रिजल्ट आउनुभन्दा तीन दिन अगाडि नै आमाले घर छाडेर हिँड्छे । आमाले छोडेर हिँडेपछि आशा विक्षिप्त हुन्थे । मामाले नै अटोरिक्सा बेचेर काठमाडौं पढ्न पढाउँछ । कमल नारायणको घरमा बसेर पढ्न थाल्छे । कमल नारायणका दुईवटी आरती र बन्दनालाई पढाउने शर्तमा कोठा भाडा लिँदैनथे । आशाले आरती र बन्दनालाई नेपाली विषयको ट्युसन पढाउनु पर्थ्यो । आरती र बन्दनालाई छोडेर आमा हिँडेकी थिई । कलेजमा कविता प्रतियोगितामा भाग लिई । प्लस टुको पढाइ सिध्याएर मामा घर फर्किन्छे । आशा घर फर्किएको केही दिनमा मधेशवादी आन्दोलन चर्किन्छ र आन्दोलनमा गोली लागी मामा लल्लुरामको मृत्यु हुन्छ । अब आशा पुरै टुहुरी हुन्छे र मामाको काजक्रिया कराउँछे र काठमाडौं फर्किन्छे । काठमाडौं फर्कदा कमल नारायण सरलाई पनि देख्दिन र छोरी आरती र बन्दनालाई पनि देख्दिन । घरमा परपुरुषसँग पारु मत्र हुन्छे । ऊ विरक्त भएर प्रियाको कोठामा बस्दै आरआर क्याम्पसमा भर्ना गर्छे । ऊ आर्थिक खर्च जुटाउनका लागि गलैंचा कारखानामा काम गर्छे । त्यहाँ आफ्नो भलाई नहुने ठानी त्यहाँबाट भौतारिँदै बस बिसौनीको छेउमा बस्छे । एकजना बृद्धा पनि बसिरहेकी हुन्छिन् । उनले आफ्नालाई सोच्छिन् र पढ्नका लागि आर्थिक अवस्थाको कारण कठिन भएको कुरा आशाले बताएपछि आफ्नो बृद्धाश्रममा आशालाई रोजगार दिन्छिन् । त्यही आश्रममा अर्धपागल वृद्धा हुन्छिन् भने वृद्धालाई औषधि किन्न भएको समयमा सन्देशसँग भेट हुन्छ र सन्देशले चियापसलमा लगेर वृद्धसँग भेट गराउँछ । त्यही वृद्ध नै आशाको बाबु हुन्छ भने यता आश्रमबाट ल्याइएकी ती अर्धपागल वृद्धा आशाकी आमा हुन्छे । उपन्यासको सुरुवातमा नै बाबुले गलहत्याएकी छोरीले उपन्यासको मध्यभागमा पुग्दा आमालाई पनि गुमाउनु परेको थियो तर अन्त्यमा आशाले आमा बाबु दुवै पाएकी छे ।

**ख) सन्ध्याा (आशाकी आमा)**

आशाकी आमा साहसी र निडर पात्र महिला पात्र हो । उसले जस्तै परिस्थितिमा पनि आशालाई लालनपालन गर्ने हिम्मत कसेकी छे । बाबुको रातदिनको करकर तथा रक्सीको भरमा जीवन भोगिरहेको अवस्थामा पनि विचलित नभइकन आशालाई संरक्षण गरेकी छे । उसलाई आशाका बाबुले घरबाट निकालिदिँदा पनि ऊ विचलित नभइकन आशाको लालनपालनमा जुटेकी छे ।

घरबाट निकालिएपछि मनकली दिदीको घरमा ज्याला मजदुरी गरेर पेट पाल्न बाध्य हुन्छे। ५/६ वर्षको बसाइमा एउटै घरमा शरण लिएर बस्न कठिन भएकाले र छोरीलाई पनि पढाउने उद्देश्यले आशालाई लिएर आशाकी आमा नेपालगञ्जतिर लाग्छे। नेपालगञ्ज पुग्दा राति भइसकेकाले आशाकी आमाले रिक्सावालालाई रातिको लागि बस्ने र खानेको व्यवस्था मिलाइदिन आग्रह गर्छे। रिक्सावालाले पनि उसको आग्रहलाई मानेर राधाकृष्ण धर्मशालामा पुऱ्याइदिन्छ। धर्मशालाको केहीदिनको बसाइपछि कामको खोजीमा आशाकी आमा र आशा नेपालगञ्जको दिनको टन्टलापुर घाममा बाटो भौतारिरहेको बेला ऊ बाटो पछारिन पुग्छे र बेहोस हुन्छे। त्यहाँका मानिसहरू दर्शक मात्र भएका हुन्छन्। आशाको निकैबेरको रुवाइमा बेहोस हुन्छे। बेहोसी अवस्थामा नै आशा कराइरहेको बेला अटोरिक्सावाल आएर उसलाई उठाएर हस्पिटल लाग्छ।

हस्पिटलमा औषधि उपचार गरेको केही समयपछि उसको होस आउँछ। होस आएपछि अटोरिक्सावालले घर कहाँ हो नानी भनी सोध्दा ऊ रुन थाल्छे। आफ्नो घर नभएको र जाने ठाउँ पनि नभएको हुँदा कहाँ जाने भनेर चिन्तित भएको बेला लल्लुरामले मेरै घर हिँड भनेर लिएर आउँछ। घरमा आइ आमा र छोरीका लागि परिकार बनाएर ल्याउँछ तर आफूलाई ल्याउँदैन।

लल्लुरामका मै ऊ र उसकी छोरी आशा बस्छन्। आशालाई विद्यालयमा भर्ना गरिदिएको लल्लुराम आफू दिनमा अटो रिक्सा लिएर बजार जाने र रातमा घर आउने गर्छ भने आशाकी आमा घरको रेखदेख गर्छे। एक दिन अचानक सन्देशकी आमाले आशाकी आमालाई लल्लुरामकी रखौटी भनी आरोप लगाउँछे। यसले गर्दा आशाकी आमाको मन खिन्न हुन्छ र उसले अचानक घर छोडेर हिँड्छे। यसै क्रममा आशाको एसएलसीको नतिजा पनि प्रकाशित हुन्छ। तर जसका लागि भनेर प्रगति गरेको हो उसको अनुपस्थितिमा आशा अत्यन्त मर्माहित हुन्छे। उता आशाकी आमा भने राजधानी काठमाडौंको सडकमा भौतारिँदै गर्दा मोटरसाइकलले ठक्कर दिएर अर्धपागल हुन्छे। यसै अवस्थामा आश्रमकी मालिक्नीसँग भेट भएर आश्रममा आशा काम दिन्छे। आश्रममा आमाजस्तै लाग्ने एकजना बृद्धा हुन्छे। त्यही वृद्धाको सेवा सुश्रुषा गर्दै स्वास्थ्यमा सुधार आउँछ। केही सुधार आएपछि प्रियाको सल्लाहले आफ्नो घरमा लैजान्छे। आशाको कोठामा भुण्डाइएको तस्विर सधैँभरि हेरिरहन्छे। सन्ध्याको धेरै दिनपछि होस् आउँदा आशा आफ्नै छोरी भएको थाहा पाउँछे। उता बाबुसँग पनि आशाको भेट हुन्छ र अन्त्यमा सार्वजनिक कार्यक्रमका बीच बाबुआमाको मिलन आशाले गराइदिन्छे। समग्रमा भन्नुपर्दा सन्ध्या साहसिली र हिक्मतवाली महिला भएकी महिला पात्र हो।

**ग) आशाको बाबु**

आशाको बाबु पुरुष पात्र हो। उपन्यासमा ऊ असत् पात्र मानिन्छ। उसले आफ्नी श्रीमती सन्ध्या र छोरी आशालाई दुर्व्यवहार गर्दै घरबाट निकालिदिएको छ। उसकै कारण आशा र आशाकी आमा सन्ध्याले कठिन जीवन धान्न बाध्य छन्। दिनरात घरबाट निस्किएर सडकमा भौतारिनु पर्दाको पीडा पनि छँदैछ। उसले सन्ध्यालाई घरबाट निकालिदिएपछि अर्को विवाह गरेको छ। उसबाट कुनै पनि सन्तान नजन्मिएपछि छोडेर हिँडेकी छे।

उसकी कान्छी श्रीमतीले छोडेर हिँडेपछि उसले पनि घर छोडेर काठमाडौं भासिएको छ। उसले छोरी र श्रीमतीको खोजीका लागि काठमाडौंको गल्ली-गल्लीमा भौगारिँदै जाँदा सन्देशको होटलमा सहारा मागेर बसेको छ। उसले पछि छोरी र श्रीमतीलाई भेटेपछि श्रीमतीको चरणमा घोप्टिएर ह्वाँह्वाँ रुँदै सन्ध्यासँग मलाई माफ गरिदेऊ मैले बेलामा तिमीलाई चिन्न सकिनँ, जीवनमा ठूलो भुल गरेँ। आजको त्यसको प्रायश्चित गर्छु भनी भक्कानिएको छ। यस उपन्यासमा उसलाई असत् पात्र भनी सम्बोधन गर्न सकिन्छ वा ऊ यस उपन्यासको सबैभन्दा हीन पात्र हो।

**घ) लल्लुराम**

लल्लुराम नेपालगञ्जको दक्षिणपट्टिको कुरैना गाउँमा उसको घर थियो। ऊसकी श्रीमती देवी थिई। देवी समभ्रदार र पढालेखा केटी थिई। माओवादी जनयुद्धमा ऊ पनि लागेर सेनाले उसको हत्या गरेपछि लल्लुराम एक्लो भएको थियो। अटो रिक्सा चलाएर जिविकोपार्जन गर्ने लल्लुरामले बीच सडकमा तातो घाममा बेहोस महिला र सानी बालिकालाई भेटेर लालनपालन गरी शिक्षित र सफल महिला बनाएको थियो। उसले आशालाई भाञ्जी र सन्ध्यालाई बहिनी भन्थ्यो। भाञ्जीलाई अत्यन्त माया गर्थ्यो।

आशालाई कक्षा ६ देखि गाउँकै विद्यालयमा भर्ना गरिदिएको थियो। भाञ्जीलाई राम्रो लालनपालन र पढाइ लेखाइपछि सफल नारी बनाइ प्रथम श्रेणीमा एसएलसी पास गराएको थियो। एकदिन एकाएक सन्ध्या घर छोडेर हिँडेपछि विचलित भएको लल्लुरामले भाञ्जी आशालाई आफ्नो गरिखाने भाँडो अटो रिक्सा बेचेर काठमाडौं पढ्न पढाएको थियो। सन्ध्याले +टु सकेर घर फर्किएपछि लल्लुराम अत्यन्तै हर्षित हुन्छ। ऊ खुशी छ एउटी देवी गुमाए पनि अर्की देवीको जन्म भएको छ। त्यसैले उसलाई सत् पात्र वा असल पात्र भन्न सकिन्छ। मधेसी आन्दोलनमा लल्लुरामको मृत्यु हुन्छ र ऊ सहिद घोषणा हुन्छ।

### ङ) कमल नारायण

कमल नारायण अत्यन्त भलाद्मी पात्र हुन्छ । ऊ कलेजको संस्थापक पनि हो । आशालाई उसले आफ्नो घरमा डेरा दिई बस्नका लागि अनुकुल वातावरण मिलाइदिन्छ । उसका छोरीहरू आरती र बन्दनालाई रेखदेख गर्ने र पढाइदिने शर्तमा उसले घरभाडा लिँदैन । त्यसैले उसलाई यस उपन्यासमा सत् पात्र भन्न सकिन्छ ।

### ४.२.३ 'आशा' उपन्यासका पात्रहरूको शैली वैज्ञानिक तालिका

| क्र. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | आशा | | + | + | | + | | | | | + | | + | | + | |
| २. | सन्ध्या | | + | | + | | + | | | | + | | + | | + | |
| ३. | आशाको बाबु | + | | + | | | + | | + | | + | | + | | + | |
| ४. | लल्लुराम | + | | | + | + | | | + | | | + | + | | + | |
| ५. | आश्रमकी मालिक्नी | | + | + | | | + | | | + | | + | | + | | + |
| ६. | अक्लेश | + | | + | | | | + | + | | | + | + | | | + |
| ७. | सन्देश | + | | | + | | + | + | + | | | + | + | | + | |
| ८. | कमलनारायण | + | | | + | | + | + | + | | | + | + | | + | |
| ९. | हरिनारायण | + | | | + | | | + | | | | + | | + | | + |
| १०. | प्रिन्सिपल | + | | | + | | | + | + | | | + | | + | | + |
| ११. | प्रिया | | + | | + | | | + | + | | | + | | + | | + |
| १२. | प्रमिला | | + | | + | | | + | | + | | + | | + | | + |
| १३. | कमला | | + | | + | | | + | | + | | + | | + | | + |
| १४. | मनकली कानी | | + | | + | | | + | | + | | + | | + | | + |
| १५. | पारु | | + | | + | | + | | + | | | + | + | | | + |
| १६. | शान्ति | | + | | + | | + | | | + | | + | + | | | + |
| १७. | आरती | | + | | + | | + | | | + | | + | + | | | + |
| १८. | बन्दना | | + | | + | | + | | | + | | + | + | | + | |
| १९. | पप्पु | + | | | + | | + | | | + | | + | + | | | + |
| २०. | भोला | + | | | + | | | + | | + | | + | | + | + | |

### ४.२.४ चरित्र/पात्रको विश्लेषण

**क) पुरुष पात्र**

लिङ्गका आधारमा यस उपन्यासका पुरूष पात्रहरू थोरै नै छन्, जस्तैः आशाको बाबु, लल्लुराम, अक्लेश, सन्देश, हरिनारायण, कमलनारायण, प्रिन्सिपल, पियन, भोला सर, मङ्गले, गगन, समिर, पप्लु यस उपन्यासका पुरुष पात्रहरू हुन् ।

**मुख्य पुरुष पात्रहरू**

यस उपन्यासमा मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा उपन्यास नै नहुने पात्रहरू हुन् । यस **आशा** उपन्यासको प्रमुख पुरुष पात्र लल्लुराम हो । लल्लुरामले यस उपन्यासमा प्रमुख भूमिका खेलेको पाइन्छ । जुन लल्लुराम यस उपन्यासमा नहुनु हो भने कथानक नै अन्त्य हुन्छ । लल्लुरामले यस उपन्यासमा केन्द्रीय भूमिका खेलेको हुनाले यस उपन्यासको प्रमुख पुरुष पात्र लल्लुराम हो ।

**सहायक पुरुष पात्रहरू**

कार्यका आधारमा सहायक पात्रहरूमा कमल नारायण हो। उपन्यासको मध्यभागमा देखापरे पनि ऊ क्रियाशील भएर कार्यमा संलग्न रहेको सहायक पुरुष पात्रका रूपमा लिइएको पाइन्छ ।

**अनुकूल पुरुष पात्रहरू**

अनुकुल पात्रहरू ती पात्रहरू हुन् जो उपन्यासको कथावस्तुलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् र जसले गर्दा उपन्यासबाट केही राम्रा कुराहरू सिक्न सकिएको छ। त्यसमा लल्लुराम र हरिनारायण यस उपन्यासका अनुकूल पुरुष पात्रहरू हुन्। यी पात्रहरूको भूमिकाले समाजलाई सकारात्मकतातर्फ उन्मुख गराउँछ ।

**प्रतिकूल पुरुष पात्रहरू**

उपन्यासको कथावस्तुलाई अगाडि बढाउँदा नकारात्मक भएका छन् । ती पात्रहरू प्रतिकुल पात्रहरू हुन् । यस **आशा** उपन्यासका प्रतिकुल पात्रहरूमा सन्देश, अक्लेश हुन् । यस उपन्यासमा समाजका मधेसी समुदायले उपहासको पात्र बनाएका छन् ।

### गतिशील पुरुष पात्रहरू

समय र परिस्थिति अनुसार आफूलाई बदल्ने पात्र गतिशील पात्रहरू हुन् । यस उपन्यासका आएका गतिशील पात्र सन्देश हो । उसले उसले आशालाई हात समाएर समाजका अगाडि मुख देखाउन नहुने बनाएको छ । गाउँ समाजमा केटाले केटीको हात मात्र समायो भने पनि दुर्नाम चल्न र परिवारलाई गाउँ निकाला गर्न सक्ने क्षमता मधेसी जनजातिको हुन्छ । एकजना बेसाहारा केटीले गाउँमा आएर गरेको प्रगतिलाई देखेर इर्श्या गर्ने सन्देशले परिस्थिति अनुसार आफूलाई परिवर्तन गरेको छ ।

### गतिहीन पुरुष पात्रहरू

समय परिस्थिति बदलिए पनि आफूमा परिवर्तन नल्याउने पात्रहरू गतिहीन पात्र हुन् । यस **आशा** उपन्यासमा प्रयोग भएका पात्रहरूमा लल्लुराम हो । जो उपन्यासको सुरुदेखि नै एउटै स्वभाव रहेको छ । उसको स्वभावमा परिवर्तन आएको छैन । यसरी लल्लुरामलाई गतिहीन पात्रका रूपमा चिनिन्छन् ।

### वर्गीय पात्रहरू

यस उपन्यासमा स्कुलका केटाकेटी, विद्यार्थीहरू, प्रमिला, जितेन्द्र, तारा, कमली, शान्ति, पारु वर्गीय पात्रका रूपमा रहेका छन् ।

### व्यक्तिगत पात्रहरू

जुन पात्रहरूले गरेका निर्णयहरूमा निजीपन पाइन्छ । ती पात्रहरू व्यक्तिगत पात्र हुन् । यस **आशा** उपन्यासमा प्रिया, अक्लेश आदि व्यक्ति पुरुष पात्रहरू हुन् ।

### मञ्चीय पुरुष पात्रहरू

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र भनिन्छ । यस **आशा** उपन्यासमा प्रयोग भएका आशाको बाबु, कमल नारायण, हरि नारायण मञ्चीय पुरुष पात्रहरू हुन् । जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ ।

### बद्ध पुरुष पात्रहरू

जुन पात्रहरूलाई झिकिदिँदा उपन्यासको संरचना नै भताभुङ्ग हुन्छ । त्यस्ता पात्रहरूलाई बद्ध पात्र मानिन्छ । यस उपन्यासका बद्ध पुरुष पात्र भनेको लल्लुराम नै हो । यो उपन्यासको

लल्लुरामलाई झिकिदिने हो भने उपन्यासको संरचना नै भताभुङ्ग हुन्छ र उपन्यासलाई अगाडि बढाउन सकिँदैन ।

**ख) स्त्री पात्रहरू**

यस **आशा** उपन्यासकी स्त्री पात्र आशा हो । जो यस उपन्यासको प्रमुख पात्रका रूपमा आएकी छ । यस उपन्यासमा सन्ध्या सहायक पात्रका रूपमा देखिएकी छ भने बन्दना, आरती, कविता, रूपा, देवी, कली गौण, गतिहीन, वर्गगत, नेपथ्य, अनुकूल र मुक्त पात्रका रूपमा आएकी छन् ।

## अध्याय : पाँच

## भाषागत आधारमा 'आशा' उपन्यासको शैली वैज्ञानिक विश्लेषण

शैली विज्ञानका आधारमा कुनै पनि कृतिलाई अध्ययन विश्लेषण गर्न भाषाविज्ञानले महत्वपूर्ण आधार प्रदान गर्दछ । कुनै पनि कृतिमा भाषाका विभिन्न विशेषताहरू रहेका हुन्छन् । शैली वैज्ञानिक विश्लेषणबाट भााषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असामान्यता, विलक्षणता दिलाउन चयन, विचलन र समानान्तरताको अहम भूमिका रहन्छ । शैली वैज्ञानिक विश्लेषणको माध्यमबाट **आशा** उपन्यासमा निहित भाषालाई भाषिक चयन, विचलन र समान्तरताको आधारमा विश्लेषण गरिएको छ ।

### ५.१ चयन

कुनै स्रष्टासँग उपलब्ध विभिन्न विकल्पहरूमध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । चयन सहित्यकारले अभिव्यक्त गर्ने अभिव्यक्तिका स्तरमा हुने गर्दछ । मोटामोटी रूपमा अभिव्यक्तिलाई उजिल्याउनका साथै रचनालाई खँदिलो, खिरिलो, सजीव बनाउन सर्जकले असिमित शक्तिले युक्त भाषाको छनोट गरेर रचनालाई दरिलो र पोटिलो बनाउँछ । यस प्रकार भाषाका विविध विकल्पहरू मध्येबाट रचनालाई प्रभावकारी, सार्थक र भावलाई गति र प्रवाह दिन गरिने उचित एवम् सुहाउँदो छनोटलाई चयन भनिन्छ ।

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्दछ (शर्मा, २०५९ : ७) । साहित्यिक अभिव्यक्तिको विविधताका लागि भाषाका विकल्पहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। विभिन्न विकल्पहरूमध्ये उपयुक्त छनोटलाई नै चयन भन्ने गरिन्छ (भण्डारी र नेपाल, २०६७ : ३४) ।

#### ५.१.१ शब्द चयनका आधारमा 'आशा' उपन्यास

भाषाको न्यूनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महत्त्वपूर्ण हुन्छ । साहित्यकारले एउटै अर्थ दिने समाजमा प्रचलित विभिन्न शब्दहरू मध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछ । **आशा** उपन्यासमा पनि उपन्यासकार लैनसिंह बाङदेलले शब्द चयन माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

### ५.१.१.१ तत्सम शब्दको चयन

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम् शब्द हुन् । प्रस्तुत '**आशा**' उपन्यासमा तत्सम् शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) अँधेरीपछि पक्कै पनि उजेली आउँछ नै । आँशु, हाँसो, मिलन, विछोड जस्तै अँधेरी र उजेली पनि जीवन भोगाइका फरक पाटाहरू रहेछन् (बस्नेत, २०७४:४०) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू **आशा** उपन्यासमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू काव्यमा सार्थक रूपमा प्रयोग भएका छन् । उपन्यासकारद्वारा यस उपन्यासमा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्सम शब्दको चयनले उपन्यासको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै उपन्यासलाई प्रभावकारी र विशिष्ट बनाएको पाइन्छ ।

### ५.१.१.२ तद्भव शब्द चयन

संस्कृत भाषाबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । **आशा** उपन्यासमा उपयोग गरिएको तद्भव शब्दहरूलाई निम्न उदाहरणबाट स्पष्ट पार्दछ :

क) निभ्न लागेको मनको दियोमा अलिकति भए पनि आशा तेल थपिएको थियो । साँच्ची आशा अचुक ओखती रहेछ जिउन जान्नेहरूका लागि (बस्नेत, २०७४:४७) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू **आशा** उपन्यासमा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् । जुन संस्कृत भाषाबाट निम्नअनुसार परिवर्तन भई आएका छन् । तद्भव शब्दको चयनले उपन्यास सरल, सहज, प्रभावपूर्ण बन्नुका साथै बोधगम्भ बन्न पुगेको पाइन्छ ।

### ५.१.१.३ आगन्तुक शब्द चयन

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । '**आशा**' उपन्यासका आगन्तुक शब्दहरूको प्रयोग सार्थक रूपमा गरिएको छ :

क) 'उपरवालाले न्याय गर्छ । मनमा कुरा खेलाएर दुःखी भएर मात्र कहाँ हुन्छ रे' (बस्नेत, २०७४:५७) ।

यसरी आगन्तुक शब्दले '**आशा**' उपन्यासको भाषिक प्रयोगमा थप उर्जा थपेको छ ।

#### ५.१.१.४ झर्रा तथा अनुकरणात्मक शब्द चयन

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैँ उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्क शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, भरिलो, मीठो र गुलियो पार्ने काम गर्दछन् ।

'**आशा**' उपन्यासमा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

क) मेरो छेउको त्यो अधबैंसे पान चपाउँदै टुलटुलु मेरो अनुहारमा हेर्न थाल्यो । राता दाँत देखाउँदै ऊ बोल्यो 'बहिनीले खाना खाएनौं ? (बस्नेत, २०७४:८१)'

माथि रेखाङ्कित गरिएको शब्द **आशा** उपन्यासमा प्रयुक्त भएका अनुकरणात्मक शब्दहरू हुन् ।

#### ५.१.१.५ द्वित्व शब्द चयन

एउटै शब्द दुईपटक प्रयोग भएमा द्वित्व शब्द हुन्छ ।

क) घरैघरबीचबाट छिरेका साँघुरा बाटाहरू, ठूलाठूला होर्डिङबोड, कमिलाका ताँतीजस्तै देखिने मोटरगाडीहरू, कोलाहल, धूँवा, धुलो, भीडभाड, पहिलोपटक गाडीबाटै देखेको काठमाडौं त साँच्ची अनौठो थियो (बस्नेत, २०७४:८२) ।

माथिका रेखाङ्कित शब्दहरू द्वित्व शब्दहरू हुन् । यहाँ लामालामा, राताराता, छिटोछिटो, गल्लीगल्ली, एकएक, सरसर, मन्दमन्द, डबडब, बुङबुङ आदि शब्दहरू पूर्ण द्वित्व- बाटाघाटा अपरिवर्तित द्वित्वका रूपमा आएका छन् । यस्ता शब्दले यस उपन्यासलाई जीवन्तता प्रयास गरेको छ । यस उपन्यासमा द्वित्व शब्दहरू प्रशस्त पाइन्छन् ।

### ५.१.२ नामको चयन

नेपाली परम्परागत व्याकरण अनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ । कुनै पनि वस्तु, व्यक्ति, गुण, भाव स्थितिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ । कार्यका आधारमा नामलाई निम्नअनुसार वर्गीकरण

गरिन्छ। साङ्ख्येय र असाङ्ख्येय, सजीव र निर्जीव, मानवीय र मानवेतर, मूर्त र अमूर्त, आदिका आधारमा चार भागमा विभाजन गरेको पाइन्छ :

क) मेरा आँखा अघि ती ग्रामीण विपन्न बस्तीहरूको चित्र नाच्न थाल्यो। रोग, भोक, शोक र अशिक्षाले तड्पिएका ती विपन्न अनुहारहरू लम्पसार परिरहेका देखिन्थे सम्पन्नका अगाडि (बस्नेत, २०७४:८३)

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन्। उपन्यासमा यस्ता नामको प्रयोगले उपन्यासलाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको पाइन्छ।

### ५.१.३ सर्वनामको चयन

परम्परागत व्याकरण अनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ। आधुनिक व्याकरणले नाम, उपवाक्य, वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोगको औचित्य नै एउटै अभिव्यक्तिलाई पटकपटक आवृत्ति एवम् पुन प्रयोग हनु नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ। '**आशा**' उपन्यासमा प्रयोग भएका सर्वनामहरू निम्नानुसार छन् :

क) हामी गाडीमा चढ्यौ र लाग्यौं गन्तव्यतिर। उनले बीचबीचमा देखिने ठाउँहरूको बारेमा मलाई परिचय दिँदै जान्थे। म पहिलोपटक काठमाडौंको भव्यता अनुभूत गर्दै थिएँ (बस्नेत, २०७४:८८)।

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर यस उपन्यासको भाषालाई चिटिक्क बनाएको छ।

### ५.१.४ विशेषणको चयन

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन्। विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ।

क) उनीहरू पढाइमा अलिक कमजोर नै थिए। मैले जाने बुझेका हरेक कुराहरू उनीहरूलाई सिकाउन थालें। भर्खरै पाँच कक्षामा पढ्दै थिए। मैले नियमित रूपमा उनीहरूलाई गणित र नेपाली विषय ट्युसन पढाउन थाले (बस्नेत, २०७४:९०)।

माथिका रेखाङ्कित शब्दहरू विशेषणले युक्त शब्द हुन्। यसले उपन्यासलाई रसिलो बनाएको छ।

### ५.१.५ क्रियापदको चयन

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना, प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ । अर्थात कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । '**आशा**' उपन्यासमा क्रियापदको प्रयोग यसरी गरिएको छ ।

क) राति अबेर भइसक्दा पनि कमल सर आएनन् । छोरीहरू मेरो कोठामै थिए । मैले उनीहरूलाई सोधेँ- 'कहाँ जानुभएको बाबा ? अझैसम्म पनि आउनुभएन' (बस्नेत, २०७४:९०) ।

माथिका रेखाङ्कित शब्दहरू क्रियापदले युक्त शब्द हुन् । यसले उपन्यासलाई रसिलो बनाएको छ ।

### ५.१.६ क्रियाविशेषणको चयन

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रियाविशेषण मानिन्छ । प्रस्तुत '**आशा**' उपन्यासमा प्रयोग गरिएका क्रियापदलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

क) देखाइमा अग्लो कद र कालो वर्णको त्यो युवक हामीलाई घेरै मुसुमुसु हाँसिरहेको थियो । मैले शान्तिलाई चिमोटे, 'हेर्न शान्ति त्यो को रहेछ हँ ?' अघिदेखि हामीलाई नै क्वारक्वार्ती हेरिरहेछ' (बस्नेत, २०७४:६५) ।

माथि रेखाङ्कन गरिएका शब्दहरू '**आशा**' उपन्यासमा प्रयुक्त विशेषण शब्द हुन् । यी शब्दले उपन्यासको भाषालाई निक्खरापन ल्याउने गर्दछ ।

### ५.१.७ नामयोगीको चयन

नाम वा नामझैं प्रयोग हुने नाम वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ सम्बन्धहरू जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हो । '**आशा**' उपन्यासमा प्रयुक्त नामयोगीका केही उदाहरणहरू निम्न अनुसार छन् :

क) मामा आइपुगे । साथमा दुईजना नौला मान्छे पनि आइरहेका थिए । पैसाको कुरा चलिरहेको थियो । आँगनमा टेकेर सरासर अटोरिक्सातिर लागे उनीहरू । मोल मोलाइ रहेछ अटोरिक्साको । पैसामा कुरा मिल्न सकेन (बस्नेत, २०७४:७७) ।

माथि रेखाङकित शब्द प्रस्तुत '**आशा**' उपन्यासमा प्रयोग भएका नामयोगी शब्द हो ।

### ५.१.८ संयोजकको चयन

'**आशा**' उपन्यासमा प्रयुक्त केही संयोजक निम्नानुसार रहेको छन् :

क) एक सर्को चुरोट तान्दै घरबाट बाहिर निस्की पनि हाले । मैले मामालाई हेरेँ । हतारहतारमा उनी खालीखुट्टा तलतिर कुद्दै गए । मैले घर आँगन बडारकुडार पारेँ अनि नुहाउन धारामा पसेँ (बस्नेत, २०७४:७६) ।

माथि रेखाङ्कन गरिएका शब्दहरू '**आशा**' उपन्यासमा प्रयोग गरिएका संयोजक पदहरूका केही उदाहरण हुन् । उपन्यासमा प्रयोग भएका संयोजक पदहरूले स्वतन्त्र तथा अधीन उपवाक्यलाई जोड्नुका साथै पद, पदावली आदिलाई समेत जोडेको छ । उपन्यासमा यस्ता संयोजकहरूको प्रशस्त मात्रामा उपयुक्त र सान्दर्भिक चयन गरिएको देखिन्छ ।

### ५.१.९ निपातको चयन

आशा उपन्यासमा निम्नलिखित किसिमले निपातको चयन भएको पाइन्छ :

क)'हो त माया भन्ने कुरा नजिक भन्दा पनि टाढाको हुँदोरहेछ । तिमी नजिक भइदिएको भए हामी तिमीलाई भेट्न आउने थियौं त ?' शान्तिले मलाई लक्षित गर्दै भनी (बस्नेत, २०७४:११५) ।

प्रस्तुत '**आशा**' उपन्यासमा प्रयोग गरिएका निपातले वाक्यको समष्टिगत अर्थलाई स्पष्ट र तिख्खर बनाउन निपातको सार्थक चयन गरिएको छ । यस्ता निपातको प्रयोगले उपन्यासको भाषालाई आकर्षण थप्ने काम गरेको छ ।

### ५.१.१० वाक्य चयन

वाक्य भाषिक संरचनाको सबैभन्दा ठूलो सार्थक एकाई हो । भाषाको कथ्य र लेख्य पक्ष छन् । लेख्य सन्दर्भमा भने वाक्यभन्दा माथि प्रकरण र सङ्कथन पनि आउँछ तर मूलतः कथ्य स्वरूपलाई भाषाको मूल रूपमा लिइने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषाको आधारभूत एकाईका रूपमा वाक्यलाई लिइन्छ (ढुङ्गेल र दाहाल, २०६९ : १७५) । व्याकरणिक संरचनामा वाक्य लघुत्तम भाषिक एकाई हो । वाक्यको संरचना पूर्ण हुने हुँदा यो स्वतन्त्र एकाई हो । वाक्यलाई सरल, संयुक्त, मिश्रवाक्य, लामा छोटा वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ ।

### ५.१.१०.१ सरल वाक्य

स्वतन्त्र र अर्थपूर्ण एउटा वाक्यांश मात्र भएको वाक्य सरल वाक्य हो । एउटा मात्र उद्देश्य र एउटै मात्र विधेय मिलेर बनेको वाक्य सरल वाक्य हुन् । सरल वाक्य एउटा मात्र समापिका क्रियाबाट संरचित हुन्छ । यो उद्देश्य र विधेय खण्ड भएको व्याकरणात्मक एकाई हो ।

प्रस्तुत '**आशा**' उपन्यासमा प्रयोग भएका सरल वाक्यका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

म कोठामा बसेर उपन्यासलाई पुनर्लेखन गर्दै थिएँ (बस्नेत, २०७४:१३०) ।

### ५.१.१०.२ संयुक्त वाक्य

दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यलाई निरपेक्ष संयोजकले जोडेर बनाइएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्त वाक्यमा निरपेक्ष संयोजकहरू जोडिएका हुन्छन् (ढुङ्गेल र दाहाल, २०६९ : २४०) । **आशा** उपन्यासमा प्रयोग भएका संयुक्त वाक्यका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) मैले मन थाम्न सकिनँ र नजिकैको पसलबाट खीर, पुरी ल्याएर दिएँ (बस्नेत, २०७४:१२६) ।

माथिका उदाहरणमा संयुक्त वाक्यलाई जोड्नका लागि आएका निरपेक्ष संयोजकहरूमा र, तर किनभने जस्ता संयोजकले वाक्यलाई छोटो सहज बनाएको छ ।

### ५.१.१०.३ मिश्र वाक्य

जुन वाक्य एकभन्दा बढी उपवाक्यमध्ये एउटा प्रधान र अरू आश्रित उपवाक्य मिलि बनेको हुन्छ त्यो वाक्यलाई मिश्र वाक्य भनिन्छ (ढुङ्गेल र दाहाल, २०६९ : २४१) । मिश्र वाक्यमा अधीन उपवाक्य र स्वतन्त्र उपवाक्यलाई सापेक्ष संयोजकले जोड्ने गरिन्छ । '**आशा**' उपन्यासमा प्रयोग गरिएका मिश्र वाक्यमा केही उदाहरणहरूलाई निम्नानुसार देखाइएको छ :

क) जब उसले मेरो कुरो सहज रूपमा लिन सकिन तब भन्न थाली 'त्यसो नभन्नुहोस् दिदी गाउँभरि नानाथरीका कुराहरू हुन थाले दिदीको बारेमा' (बस्नेत, २०७४:११०) ।

माथिको उदाहरणमा दिइएका मिश्र वाक्यमा जब, तब जस्ता सापेक्ष संयोजकहरू प्रयोग भएको देखिन्छ ।

## ५.२ विचलन ा

सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ। आशा उपन्यासमा प्राप्त केही विचलनहरू निम्नलिखित किसिमका छन् ?

### ५.२.१ ध्वनि प्रक्रियात्मक विचलन

आशा उपन्यासमा प्राप्त ध्वनिप्रक्रियात्मक विचलन निम्नलिखित छन्

| (१) भएको | हुनुपर्ने | पृष्ठसंख्या |
|---|---|---|
| क. हुन्च | हुन्छ | ४ |
| ख क्यार्ने | के गर्ने | ८ |
| ग. आइचन् | आइछन् | १८ |
| घ. रहिच | रहिछ | ४८ |

### ५.२.२ लेख्य प्रक्रियात्मक विचलन

यस आशा उपन्यासमा लेख्य प्रक्रियात्मक विचलन पाइएको छैन ।

### ५.२.३ कोशीय विचलन

आशा उपन्यासमा निम्नलिखित किसिमको कोशीय वा शाब्दिक विचलन पाइएको छ :

(२) क. हुक्रि हुक्रि (पृ. १२)

ख. बयलडारी (पृ. १८)

ग. सन्जे (पृ. ३८)

घ. आरदोदार (पृ. ४८)

ङ. आर्सिन (पृ. ५०)

च. कुरकुर काँप्दैथिए । (पृ. १०५)

यस्ता शब्दहरू मानक नेपालीमा पाइँदैनन् । यसर्थ कोशीय विचलन भएको हो ।

### ५.२.४ व्याकरणिक विचलन

यस अन्तर्गत आशा उपन्यासमा निम्नलिखित किसिमका व्याकरिणक विचलन पाइन्छन् :

(३) क. प्रशस्त माया पाएकी थिएँ लोग्नेबाट पनि । (पृ. ३३)

ख. उनीहरू कोठामा केही गफ गर्दैथिए मैले केही चासो राखेन । (पृ. ३४)

ग. त्यो नानी ठूलो भएर राम्रो साहित्यकार बन्छे । (पृ. ४२)

घ. मसँग केही दिन अगाडि बोल्ने हाँस्ने गाउँलेहरू पनि मलाई देखे मुन्टो माँचन थाले । (पृ. ५२)

ङ. बहिनीले खाना खाएनौ ? (पृ. ८१)

च. कलेजबाट नजिकै रहेछन् घर । (पृ. ८९)

यसरी पदक्रम र संगतिका विचलन पाइन्छ ।

### ५.२.५ अर्थतात्विक विचलन

साहित्यिक सिर्जनामा अर्थतात्विक विचलन हुन स्वाभाविकै हो । आशा उपन्यासमा पनि यस्ता विचलनहरू धेरै पाइन्छन् । केही नमूनाहरू हेरौं :

(४) क. धेरै यात्रा गर्नु छ तिमीले जिन्दगीको चढ्न बाँकी छ । (पृ. ७४)

ख. मन ठूलो भएर आयो बिरानो ठाउँमा पनि आफ्नो अभिभावक भेटिएकोमा । (पृ. ८६)

ग. सायद गरिब हुनु पूर्वजन्मको पाप हो । (पृ. ८८)

घ. आकाशबाट जूनले हेरिरह्यो । (पृ. ९५)

ङ. उनका आँखाले मेरो मनलाई प्राहार गरिरहे । (पृ. १२४)

च. शीतहरू यताउता चल्मलाइरहेछन् । (पृ. १३०)

### ५.३ समानान्तरता

यस अन्तर्गत वाह्य समानान्तरता र अन्तरिक समानान्तरतालाई हेरिएएको छ । आशा उपन्यासमा प्राप्त यस्ता केही उदाहरणहरू निम्नलिखित छन् :

### ५.३.१ वाह्य समानान्तरता

(५) क. आशाको बुबा, भनौं पिता गरिब थिए । (पृ. ४)

ख. आशा, इच्छा वा चाहनाहरू सधैं अपुरा हुँदा रहेछन् । (पृ. १६)

ग. गरिबी वा धन नहुनुको पीडा कसले बुझ्ने । (पृ. ३६)

घ. दिनरात मेहनत गर्दा पनि परिश्रम गर्दा पनि उनीहरूलाई सुख भएन । (पृ. ९६)

ङ. मैले सयपत्री, गोदावरी र चमेलीको फूल चढाएर प्रार्थना गरेकी छु । (पृ. १०५)

यी उदाहरणहरू मध्ये क., ग., घ. उदाहरणहरूमा पर्यायवाचक शब्दको प्रयोग पाइन्छ भने घ. मा विपरीतार्थक र ङ.मा समावेशात्मक शब्दको प्रयोगले समानान्तरता आएको छ । यो वाह्य समानान्तरता हो ।

### ५.३.२ आन्तरिक समानान्तरता

यस आशा उपन्यासमा पाइएका आन्तरिक समानान्तरताका केही उदाहरणहरू निम्नलिखित छन् :

(६) क. जून निदायो, पूर्वीय आकाश रातो देखियो, बिहान भयो । (पृ. ३७)

ख. मैले कति मेहनत गरें, कति परिश्रम गरें तर सबै खेर गए । (पृ. ४९)

ग. आशाका बुबा बिग्रिएका थिए, सधैं रक्सी खान्थे, सधैं श्रीमतीलाई दुःख दिन्थे । यसरी आशाले सानी छँदा कहिल्यै सुखा पाइन । (पृ. ५७)

घ. आशाकी आमा, सन्ध्याले सधैं अर्काको घरको काम गर्नुपर्दथ्यो, कहिल्यै शान्तिको सास फेर्न पाइन । (पृ. ७३)

ङ. आशाले अध्ययनका लागि धेरै सङ्घर्ष गरी, अनि मेहनत पनि गरी । (पृ. ३७)

यी उदाहरणहरूमा समान किसिमको अर्थ दिने वाक्यहरू आएका हुँदा यहाँ अन्तरिक समानान्तरता पाइन्छ ।

## अध्याय : छ

## सारांश, निष्कर्ष र उपयोगिता

### ६.१ अध्ययनको सारांश

प्रस्तुत उपन्यास **आशा** नेपाली साहित्यका प्रखर व्यक्तित्व उपन्यासकार डिल्ली बस्नेत 'सङ्गीत'द्वारा लेखिएको पहिलो अति यथार्थवादी उपन्यास हो । यस उपन्यासमा एउटा आशाको कारुणिक र मार्मिक जीवनगाथाको वर्णन गर्दै समाजको यथार्थ स्थितिको चित्रण गरिएको छ । आफूलाई सभ्य र भद्र सम्भिmने मानिसहरूमा सहयोगी, परोपकारी र मानवताको भावना अलिकति पनि पाइँदैन तर अशिक्षित र गरिब दुःखीमा भने प्रशस्त मात्रामा सहयोगी भावना र मानवता पाइन्छ । आशाका बाबुले आशाकी आमालाई दुर्व्यवहार गरेको यो एक कारूणिक कथा हो ।

पात्र वर्गीकरणको आधार अपनाइएको **आशा** उपन्यासमा पात्रहरूको शैली वैज्ञानिक तालिका समेत प्रस्तुत गरिएको छ। १४ अध्यायमा विभाजन गरिएको र १४४ पृष्ठ ओगटेर कथानकको संरचना भएको छ । प्रस्तुत उपन्यासमा पात्रहरूको वर्गीकरण उनीहरूले निर्वाह गरेको भूमिकाका आधारमा उल्लेख गरिएको छ ।

यस उपन्यासको शैली वैज्ञानिक अध्ययनको क्रममा भाषिक एकाइको छनोटलाई प्रमुखता दिनुका साथै शैली वैज्ञानिक सिद्धान्तहरू चयन, विचलन र समानान्तरताको आधारमा अध्ययन एवम् विश्लेषण गरिएको छ। चयनका आधारमा अध्ययन एवम् विश्लेषण गर्ने क्रममा तत्सम शब्दको चयन, तद्भव शब्दको चयन, नामको चयन, आगन्तुक शब्दको चयन, द्वित्व चयन आदि रहेका छन् । यस उपन्यासको विचलन र समानान्तरताका आधारमा व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्विक विचलनहरूको अध्ययन विश्लेषण गर्नुका साथै सामान्तरतामा बाह्य समानान्तरता र आन्तरिक समानान्तरताका आधारमा यस उपन्यासको अध्ययन एवम् विश्लेषण गरिएको छ ।

### ६.२ निष्कर्ष

उपन्यासकार डिल्ली बस्नेत 'सङ्गीत'द्वारा रचना गरिएको यो आशा उपन्यासको शैली वैज्ञानिक अध्ययन शीर्षकको शोत्रपत्रको अध्याय अनुसारको निष्कर्ष यसरी देखाइएको छ :

प्रस्तुत शोधपत्र **आशा** उपन्यासको शैली वैज्ञानिक अध्ययन अन्तर्गत अध्याय एकमा शोधको परिचय राखिएको छ। शोधको परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन,

शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन र  अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षाले आफूले गरिने अनुसन्धानात्मक कार्यलाई गन्तव्यसम्म पुऱ्याउन सरल र सहज तुल्याउँछ । एम.एड.को प्रयोजनका लागि हालसम्म उपन्यास, कथा, गीतिनाटक तथा खण्डकाव्यहरूको शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । शैली वैज्ञानिक अध्ययन गर्ने क्रममा नरेन्द्रदाइ, माइतघर, बसाइँ, नासो, राजेश्वरी, रूपमती, नारी सन्देश, दृष्टि आदि कृतिहरूमा शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । यस शोधकार्यसँग सम्बन्धित अन्य शोधपत्रहरू तथा **आशा** उपन्यासका बारेमा गरिएका टीकाटिप्पणीहरूले यो शोधकार्यलाई निश्चित विन्दुमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ ।

प्रस्तुत शोधपत्र पुस्तकालयीय अनुसन्धान ढाँचामा रहेको छ । तथ्याङ्क सङ्कलनका निम्ति प्राथमिक स्रोतका रूपमा **आशा** उपन्यासलाई लिइएको छ भने **आशा** उपन्यासका सम्बन्धमा पत्रपत्रिकमा प्रकाशित लेख तथा अन्य अप्रकाशित शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा उपयोगमा ल्याइएको छ । यो शोधकार्य तयार गर्नको लागि तथ्याङ्क सङ्कलनका लागि पाठपत्र, सूचीपत्र तथा टिपोटपत्र आदि साधनको प्रयोग गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्याङ्कलाई वर्णनात्मक विधि तथा शैली विज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर विश्लेषण गरिएको छ ।

यस अध्यायमा कथानक तथा पात्रका आधारमा **आशा** उपन्यासको शैली वैज्ञानिक अध्ययन गरिएको छ जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ । यस अन्तर्गत कथानक उपन्यासमा घटेको घटनालाई चरित्र मार्फत अभिव्यक्त गर्ने उपन्यासको अनिवार्य तत्त्व हो । यस **आशा** उपन्यासको कथावस्तु १४ भागमा विभाजन गरिएको छ । कथानकको विकास क्रमलाई फ्रेटागले चिनारी, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच चरणमा विश्लेषण गरेका छन् । यस उपन्यासको कथावस्तु एउटै घटनालाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

उपन्यासको १ भागमा आशाले आफ्नी आमालाई औंठीको विषयमा सोधेको कुरा विश्लेषण गरिएको छ । गरिबी र आर्थिक समस्याले भौतारिने र आमाले छोरीलाई पेटभरि खान र चाडपर्वमा नयाँ लुगा पनि लगाउन नपाएको कुरा विश्लेषण गरिएको छ ।

भाग २ मा नेपाली नारीहरूको महान चाड हरितालिका भएको । आमाले ब्रत बसेको र ब्रतमा आमाले फलफूल भेला पारेको र बाबु घर आएपछि सबै खुट्टा धुन मागेको तर बाबु रक्सी आएर दिनरात बाबु रक्सी खाएर आएको र आमाछोरीलाई कुटपिट गरेको कथावस्तु पाइन्छ ।

भाग ३ मा आफूले सानै छँदा सुनेको स्वर्ग भनेको आकाशमा र तर्क भनेको धरतीको मुन्तिर हुन्छ भन्ने स्मरण गरेको र स्वर्ग र नर्क भनेकै जीवन भोगइका समानान्तर पाटा रहेछन् भन्ने महसुस गरेको कथावस्तु छ । सोही भागमा आफू सहर गएको र सहरमा आमा बेहोस भनी लड्दा सबै रमिते बनेका, अन्त्यमा अटोरिक्सावाल लल्लुराम आएर आमा उठाएर हस्पिटल पुऱ्याइ औषधी मुलो गरी घर उसकै घर लगेको प्रसङ्ग छ ।

भाग ४ मा आफूहरूले अटोरिक्सावाल लल्लुरामलाई मामा मानेको र आफूहरू उसकै घरमा बस्न थालेको कथावस्तु छ। सोही क्रममा आशा विद्यालय भर्ना भएको, आमाले अस्पतालमा जागिर पाएको र आशाले आफ्नो सपनाको महल बनाउने कथावस्तु छ ।

भाग ५ मा आशा र आशाकी आमालाई सन्देशकी आमाले विभिन्न आरोप प्रत्यारोप लगाउनु, आमाले त्यो पीडा खप्न गाह्रो हुनु र हरिनारायणले आमा सन्ध्या र छोरी आशाले गल्ती नगरेको कथावस्तु छ ।

भाग ६ मा मामाले आफू र आमालाई कमजोर नहुन साहस दिनु, देउसीभैलो खेल्नेले घर आँगनमा रमाइलो गर्नु, आमाले सपनामा बाबुलाई भेटेको र बाबुले माफी मागेको कुराले आफूलाई निद्रा नपरेको प्रसङ्ग छ ।

भाग ७ मा एसएलसी पास गर्नु तर जसलाई आफ्नो खुशी बाँड्नुपर्ने हो उही नहुनु वा आमाले घर छाडेर हिडेको र बुढी आमैले आमाले घर छोड्नुको कारण बताएको प्रसङ्ग छ। त्यसैगरी मामाले उनलाई उच्च पढाउने अठोट गरी सबै कुरा मामालाई भनेको प्रसङ्ग छ ।

भाग ८ मा आशालाई मामाले आफ्नो रोजिरोटीभन्दा आशाको पढाइ ठूलो मानेर पढ्न पठाएको, गाडीसम्म मामाले पुऱ्याएको, गाडीमा आफूसँगै सिटमा अर्को मानिस बसेको उसले आफूतिर हेरेर जिस्क्याउने प्रयास गरेको र आफू झर्किएपछि उसले फेरि बोल्ने साहस नगरेको प्रसङ्ग छ ।

भाग ९ मा काठमाडौंमा कमल नारायणको घरमा बस्नका लागि बन्दोबस्त मिलाइदिएको र छोरी आरती र बन्दनालाई पढाइदिने सर्तमा कोठा भाडा नलिएको प्रसङ्ग छ। कमल नारायण सरले नै कलेजमा भर्ना गरिदिएको र आरती र बन्दनालाई आमाले छोडेर हिँडेको प्रसङ्ग छ।

भाग १० मा कलेजमा धेरै मित्रहरूसँग भेटघाट भएको, विद्यार्थीहरूले पढ्न नचाहेको, कलेजको वार्षिकोत्सव आएको, उक्त कार्यक्रममा आशाले भाग लिएको र गाउँबाट मामाले फोन र आरती र बन्दनाकी आमा घरमा आएको प्रसङ्ग छ।

भाग ११ मा कमल नारायण र उनकी पत्नीको मेलमिलाप भएजस्तो देखिएको छ। उता आशा गाउँ फर्कने सोचमा छिन्। भोलिपल्ट कमल नारायणले गाडीको टिकट ल्याएको र आफू आशा गाउँ फर्कदै गर्दा बाटामा तारासँग भेट भएको र तारालाई पनि आशाले आफ्नै मामा घर लिएर गएको प्रसङ्ग छ।

भाग १२ मा मधेश राज्यको माग आन्दोलन भएको र मामा पनि आन्दोलनमा सहभागी भएको प्रसङग छ। आन्दोलन चर्कदै जाँदा मामालाई गोली लागी भेरी अञ्चल अस्पतालमा मामाको निधन भएको र मामालाई सहिद घोषणा गरेको कथावस्तु छ।

भाग १३ मा आशा टुहुरी भएको र उसका अगाडि चुनौतीहरू भएको, आशा फेरि बी.ए.को पढाइका लागि काठमाडौं गएको, ऊ कमल नारायण सरको घरमा पुग्दा अरू कोही नभएको तर घरमा पारु र अर्को अपरिचित आवाज सुनेकाले आशालाई त्यहाँ बस्न मन नलागी कामको खोजीमा अन्यत्र भौतारिएको र भौगारिने क्रममा वृद्धाश्रममा काम पाएको प्रसङ्ग छ।

भाग १४ मा वृद्धाश्रममा विरामी वृद्धालाई भेट्नु, सन्देशलाई भेट्नु, सन्देशको भेटमा आफूकहाँ एकजना वृद्धाले शरण लिएको कुरा बताएपछि सन्देशको होटलतिर जानु, ती वृद्धा आशाका बाबु भएको र यता विरामी वृद्धालाई लिएर आशाले घरमा नै उपचार गराइरहेकी ती वृद्धा पनि आशाकी आमा भएको प्रसङ्ग छ। समग्रमा हेर्दा उपन्यास संयोगान्त भएको प्रसङ्ग छ।

यसैगरी आशा उपन्यासमा उपयुक्त चयन, विभिन्न किसिमका विचलन, वाह्य र आन्तरिक समानान्तरताहरू पाइएका छन्। तिनीहरूका केही नमुनाहरू सम्बन्धित शीर्षक अन्तर्गत दिइएको छ।

## ६.३ अध्ययनको उपयोगिता

**आशा** उपन्यासको विषयवस्तु गाउँले परिवेश अत्यन्त गरिब परिवारमा जन्मिएर पनि केही गर्छु भन्ने आशा राख्ने एक कर्मठ नारीको दर्दनाक अवस्थाको चित्रण गरिएको छ ।

यस शोधकार्य शैली वैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन सक्दछ । त्यस्तै यस उपन्यासको भाषिक पक्षको बारेमा पनि आँकलन गर्न उपयोगी हुन्छ । उपन्यासकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त हुन्छ । यस उपन्यासका सबै पक्ष राम्रो देखिन्छन् र यो उपन्यास सरल, सहज र सबै पाठकहरूका लागि बोधगम्य देखिन्छ ।

### ६.३.१ भावी अनुसन्धान पक्ष

डिल्ली बस्नेत 'सङ्गीत'द्वारा रचना गरिएको यो **आशा** उपन्यासको शैली वैज्ञानिक अध्ययनले शैली विज्ञानसँग सम्बन्धित विषयमा अनसुन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्त्वपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति उपन्यासकारका रचना, भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू वा पक्षहरू हुन सक्छन् :

क. **आशा** उपन्यासमा तत्सम शब्दको अध्ययन

ख. **आशा** उपन्यासमा आगन्तुक शब्दको अध्ययन

ग. उपन्यासका तत्त्वका आधारमा **आशा** उपन्यासको विश्लेषणात्मक अध्ययन

घ. भाषाशैलीका आधारमा **आशा** उपन्यासको विश्लेषणात्मक अध्ययन

ङ. **आशा** उपन्यासमा अव्यय पदको अध्ययन

# सन्दर्भ सामग्रीसूची


अधिकारी, नानीमैया (२०६६), **मलाया एक्सप्रेस उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

आचार्य, कृष्णप्रसाद (२०६७), **साहित्यशास्त्र र नेपाली समालोचना**, कीर्तिपुर : क्षितिज प्रकाशन प्रा.लि. ।

ओली, राधिका (२०७१), **दृष्टि उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस झापा, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

खत्री, हीरा बहादुर (२०६९) **कर्णाली ब्लुज उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पन्थी, कविता (२०६३), **बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बस्नेत, डिल्ली (२०७४), **आशा उपन्यास**, अद्वैतमार्ग : बागबजार ज्ञानज्योति बुक्स पब्लिकेशन प्रा.लि. ।

भट्टराई, तीर्थराज (२०६३) **प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्तातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस मोरङ, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र डोलराज अर्याल (२०६८), **भाषिक अनुसन्धान विधि** (चौथो संस्करण) काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।